# वार्षिक प्रगति प्रतिवेदन

## (आ.व. २०७३/०७४)

सुशासन ऐन, २०६४ को दफा ४१ तथा

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को प्रयोजनको लागि)

नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

२०७४

माननीय विक्रमबहादुर थापा
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
पत्र संख्या :
चलानी नं. :

नेपाल सरकार

फोन नं.: ४२००२८०
फ्याक्सः ४२००११६
वेभसाइटः www.mowcsw.gov.np
इमेलः mail@mowcsw.gov.np

निजी सचिवालय
सिंहदरवार, काठमाण्डौ

# शुभकामना

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट आर्थिक वर्ष २०७३/०७४ मा सम्पादित क्रियाकलापलाई समेटेर तयार गरेको वार्षिक प्रतिवेदन, २०७४ प्रकाशन भएकोमा मलाई खुसी लागेको छ ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत बालबालिकाको सर्वाङ्गीण विकासको हक; जेष्ठ नागरिकलाई राज्यबाट गर्नुपर्ने विशेष संरक्षण; अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने एवं सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक र आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति आदिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने कुरा प्रत्याभूत गरिएको छ ।

राज्यले अवलम्बन गरेको सङ्घीय शासन प्रणालीको कार्यान्वयको क्रममा राज्यका तीनै वटा स्थानीय, प्रादेशिक र सङ्घीय तहको निर्वाचन भइसकेको सन्दर्भमा मन्त्रालयको कार्यक्षेत्र बढ्दो छ । जनताको बढ्दो आकांक्षा र असीमित कार्यहरूलाई सीमित साधनस्रोतबाट पूर्ति गर्नुपर्ने अहिलेको प्रमुख चुनौती रहेको छ ।

संविधानको कार्यान्वयनमा देखिएका चुनौतीहरूको समुचित व्यवस्थापन गर्दै आगामी वर्षहरूमा मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यसम्पादनमा यो वार्षिक प्रतिवेदन एक मार्गदर्शक हुनेछ भन्ने अपेक्षा गर्दै प्रकाशनको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विक्रमबहादुर थापा
मन्त्री
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

माननीय कान्ता भट्टराई
राज्यमन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
पत्र संख्या :
चलानी नं. : १३८।७४।०७५

फोन नं.: ४२००६००
फ्याक्सः ४२००११६
वेबसाइटः www.mowcsw.gov.np
इमेलः mail@mowcsw.gov.np

निजी सचिवालय
सिंहदरवार, काठमाण्डौ

## शुभकामना

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले आर्थिक वर्ष २०७३।०७४ को अवधिमा सम्पादन गरेका कार्यक्रमहरूको फेहरिस्तका रूपमा वार्षिक प्रतिवेदन, २०७४ प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

मुलुक सङ्घीय संरचनामा रूपान्तरित भइसकेको छ । सङ्घीय संरचनामा रूपान्तरित राज्य संयन्त्रमा यस मन्त्रालयको भूमिका अझ बढोत्तरी भएको छ । विज्ञान र प्रविधिको क्षेत्रमा विश्व मानव समुदायले प्राप्त गरेको अभूतपूर्व सफलताको कारण विकसित राष्ट्रहरू अन्तरिक्ष यात्रा तय गरिरहँदा हाम्रो समाज अझै पनि पुरातन सोचबाट माथि उठ्न नसकेको अवस्था अहिलेको कटु यथार्थ हो । अन्धविश्वास र कुरीतिका रूपमा रहेका जातीय भेदभाव तथा छुवाछुत प्रथा, बोक्सी, कम्लरी, बादी एवं छाउपडीजस्ता कुप्रथा मानव सभ्यताकै कलङ्क हुन् ।

एक्काइसौं शताब्दीमा सूचना प्रविधिको विकासले पृथ्वी नै साँगुरो भइसक्दा पनि सरकारी तथा गैर सरकारी तहवाट भएका अनेकन प्रयासका बावजूद हामी कहाँ मानव बेचबिखन तथा ओसारपसार जस्तो अत्यन्त अमानवीय र निकृष्ट कार्य निर्मूल हुन नसक्नु मानव सभ्यताको उपहास हो । प्रविधिको विकाससगै अपराधीकरणका स्वरूप र तौरतरिकामा पनि परिवर्तन भएको दृष्टिगोचर हुन्छ । यस्ता आपराधिक कार्यलाई समूल नष्ट गर्नु आजको सर्वोपरि आवश्यकता हो ।

अन्धविश्वास, रूढिवादी तथा परम्परागत कुप्रथाहरूको निर्मूल गर्नुपर्ने अहिलेको प्रमुख चुनौती हो । यिनै चुनौतीको सामना गर्दै सभ्य, सुसंस्कृत र समुन्नत समाजको निर्माण गर्ने कार्यमा मन्त्रालयका क्रियाकलापहरू निर्देशित हुनुपर्दछ । मन्त्रालयले प्रकाशन गर्न लागेको वार्षिक प्रतिवेदन, २०७४ ले गत आर्थिक वर्षमा मन्त्रालयबाट सम्पादन भएका कार्यहरूको यथार्थ चित्रण गर्नुका साथै कार्यसम्पादनका क्रममा देखिएका कमीकमजोरीलाई सुधार गर्दै आगामी वर्षहरूमा सम्पादन गरिने क्रियाकलापका लागि मार्गदर्शन गर्ने छ भन्ने अपेक्षा गरेकी छु ।

अन्त्यमा, मन्त्रालयले सम्पादन गरेका क्रियाकलापमा संलग्न सम्पूर्ण कर्मचारी तथा सेवाग्राही नागरिक प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै प्रकाशनको सफलताको कामना गर्दछु ।

कान्ता भट्टराई
(कान्ता भट्टराई)
राज्यमन्त्री

नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

# मन्तव्य

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले आर्थिक वर्ष २०७३/०७४ मा मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरेका कार्यक्रमहरूको विवरणसहितको वार्षिक प्रगति प्रतिवेदन, २०७४ प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

वार्षिक प्रगति प्रतिवेदन आफैमा मन्त्रालयको एउटा दर्पण हो। यसबाट मन्त्रालयले वर्षभरि सम्पादन गरेका कार्यहरू स्पष्ट दृष्टिगोचर हुन्छन् । मन्त्रालयलाई तोकिएका कार्यहरूमध्ये कुनकुन कार्यक्रम पूर्णरूपमा सम्पादन भए, कुन कार्यक्रमहरू आंशिकरूपमा सम्पन्न भए र कुन कार्यक्रम सम्पन्न हुन सकेनन् भन्ने कुराको यथार्थपरक विवरण वार्षिक प्रतिवेदनमा समावेश भएको हुन्छ । वार्षिक कार्यप्रगति विवरण वर्तमानको यथार्थ चित्रण हो भने भविष्यको मार्गदर्शन पनि हो । कार्यसम्पादनका क्रममा देखिएका कमी कमजोरीलाई सुधार गरी आगामी वर्षका कार्यक्रमहरूलाई सफलतापूर्वक सम्पन्न गर्न वार्षिक प्रतिवेदनले सघाउ पुर्याउँछ ।

नेपालको संविधान, २०७२ कार्यान्वयको क्रममा राज्यका तीनवटै (स्थानीय, प्रादेशिक र सङ्घीय) तहको निर्वाचन भई राज्य नयाँ संरचनामा रूपान्तरित भइसकेको सन्दर्भमा मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू थपिएका छन् । महिला, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूका संविधानप्रदत्त मौलिक अधिकारको संरक्षण गर्दै यस्ता विषयमा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता एवं सन्धि महासन्धिहरूका प्रावधान कार्यान्वयनमा मन्त्रालयमको महत्त्वपूर्ण भूमिका रहेको छ ।

मूलप्रवाहीकरण, सशक्तीकरण तथा समावेशीकरणजस्ता रणनीतिको माध्यमबाट समुन्नत समाजको निर्माण गर्नु अहिलेको सर्वोपरि आवश्यकता हो । महिला सशक्तीकण, लैङ्गिक हिंसा न्यूनीकरण मानव बेचबिखन तथा ओसारपसर नियन्त्रण गर्ने कार्य र ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं एकल महिलाका सुविधा एवं हक प्रवर्धन गर्नेतर्फ मन्त्रालय सदैव क्रियाशील रहेको छ ।

नेपाली समाजमा अन्धविश्वास एवम् कुरीतिका रूपमा जरा गाढेर बसेको बोक्सी प्रथा, कम्लरी, बादी, छाउपडीजस्ता प्रथाको उन्मुलन गर्न र मानव सभ्यताकै कलङ्कको रूपमा रहेको मानव वेचविखन तथा ओसारपसार नियन्त्रणमा मन्त्रालय दत्तचित्त भएर लागेको छ ।

अन्त्यमा मन्त्रालयबाट आगामी वर्षमा सम्पादन गरिने कार्यक्रमलाई प्रभावकारीरूमपा कार्यान्वयन गर्न यो वार्षिक प्रतिवेदनले सघाउ पुर्याउने अपेक्षा गर्दै मन्त्रालयलाई तोकिएको कार्यसम्पादनमा संलग्न मन्त्रालय र अन्तर्गतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, वार्षिक प्रतिवेदन तयारीमा संलग्न सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**(ङइन्दप्रसाद उपाध्याय)**
सचिव

# विषय सूची

सारांश ........ १
परिच्छेद १
मन्त्रालयको स्थापना, कार्यादिश, नीति, ऐन, नियम तथा सङ्गठन संरचनाः ........ ५
१.१ स्थापनाः ........ ५
१.२ कार्यादिश ........ ६
१.३ कानुन ........ ६
१.४ सङ्गठन संरचनाः ........ ८

परिच्छेद २
कार्यक्रम तथा प्रगति ........ ९
२.१ महिला सशक्तीकरण (मन्त्रालयस्तर) ........ ९
२.२ महिला विकास (केन्द्रस्तर/विभाग) ........ १०
२.३ महिला विकास - जिल्लास्तर (महिला जागृतिसमेत) ........ १०
२.४ लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास (केन्द्रस्तर): ....
२.५ बालकल्याण ........ ११
२.६ केन्द्रीय बालकल्याण समिति ........ १२
२.७ समाजकल्याण ........ १४
२.८ राष्ट्रिय महिला आयोग ........ १४
२.९ समाजकल्याण परिषद् ........ १५
२.१० अन्तर्देशीय धर्मपुत्र- धर्मपुत्री ........ १५
२.११ मन्त्रालयस्तरीय समस्या समाधान उपसमिति ........ १६
२.१२ वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिः ........ १७

परिच्छेद ३
कोषसम्बन्धी व्यवस्था ........ १८
३.१ आपत्कालीन बालउद्धार कोष ........ १८
३.२ लैङ्गिक हिंसा निवारण कोष ........ १८
३.३ एकल महिला सुरक्षा कोष ........ १८
३.४ ज्येष्ठ नागरिक कल्याण कोष ........ १८
३.५ पुनस्थापना कोष ........ १९
३.६ बेरुजु र फछ्र्योट ........ १९

परिच्छेद ४
भौतिक स्रोत तथा सवारी साधन ........ २०
४.१ भवन ........ २०

४.२ सबारी साधन ........ २०

परिच्छेद ५
अध्ययन प्रतिवेदन ........ २१
(क) कमलरी कार्यक्रमको प्रभावकारीता अध्ययन सम्बन्धी प्रतिवेदन ........ २१
कार्य संक्षेप ........ २१
Involvement impower Program........ २४

(ख) महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययन.. ३१
परिच्छेद एक ........ ३३
परिचय........ ३३
१.१ अध्ययनको पृष्ठभूमि ........ ३३
१.२ अध्ययनका उद्देश्यहरू........ ३४
१.३ सन्दर्भ साहित्यको समीक्षा ........ ३४
निष्कर्ष ........ ३९

परिच्छेद दुइ........ ४०
अध्ययन विधि ........ ४०
२.१ अध्ययन ढाँचा........ ४०
२.२ नमुना छनोट प्रक्रिया ........ ४०
२.३ तथ्याङ्कका स्रोतहरू........ ४१
२.४ तथ्याङ्क सङ्कलनका साधनहरू ........ ४१
२.५ तथ्याङ्कको व्याख्या र विश्लेषण ........ ४२

परिच्छेद तीन........ ४३
नतिजा विश्लेषण........ ४३
३.१ महिला विकाससँग सम्बन्धित समूह/समिति/संस्थाहरूको विवरण........ ४३
३.२ महिला विकासका लागि सञ्चालित कार्यक्रमहरू ........ ४४
३.३ महिला विकास कार्यक्रममा सहभागिताको स्थिति ........ ४६
३.४ महिला विकास कार्यक्रमको प्रभावकारीता ........ ५६

परिच्छेद चार........ ५७
निष्कर्ष, प्राप्ति तथा सुझावहरू........ ५७
४.१ मुख्य प्राप्ति ........ ५७
४.२ निष्कर्ष ........ ५८
४.३ सुझावहरू ........ ६०
सन्दर्भ सामग्री ........ ६१

# अनुसूची


अनुसूची -१ केन्द्रीय बालकल्याण समितिबाट सञ्चालित मुख्य मुख्य कार्यक्रम........................ ६२

अनुसूची-२ हालसम्म हराएका, हराएर फेला परेका र बेवारिस फेला परेका बालबालिकासम्बन्धी विवरण...................................................................... ६६

अनुसूची -३ बेवारिस फेला परेका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनसम्बन्धी विवरण.................................................................................. ६६

अनुसूची -४ सञ्चालनमा रहेका बालगृह र संरक्षित बालबालिकासम्बन्धी विवरण................ ६७

अनुसूची -५ धार्मिक संस्थामा आवासीयरूपमा रहेका बालबालिका................................ ६९

अनुसूची -६ सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यमा संलग्न मुख्य सरकारी निकायहरू .............................................................................७०

अनुसूची -७ उद्धार गरिएका सडक बालबालिका व्यवस्थापन कार्यमा संलग्न संघसंस्थाहरू...७०

अनुसूची-८ प्रदेशअन्तर्गतका बालगृह र बालबालिकाको विवरण ..................................७१

अनुसूची-९ प्रदेशअनुसार बालगृहरूको सङ्ख्या..........................................................७१

अनुसूची-१० आ.व. २०७३/७४ मा भएका महिला तथा बालबालिकासम्बन्धी अपराधहरू..७३

अनुसूचीः-११ घरेलु हिंसाबाट प्रभावितका लागि सञ्चालित सेवा केन्द्र र उपसेवा केन्द्रसम्बन्धी प्रगति विवरण ..............................................................................७४

अनुसूची-१२ मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूका लागि सञ्चालित पुनस्थापना गृहसम्बन्धी विवरण ..........................................................................७५

अनुसूची-१३ आ.व. २०७३/७४ सम्मको अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी विवरण.....७६

अनुसूची-१४ राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (NGO/INGO) द्वारा सञ्चालित परियोजनाको मूल्याङ्कनमा आ.व. २०७३/७४ मा प्रतिनिधित्व गरेका कर्मचारीहरू.............७६

अनुसूची-१५ बजेट शीर्षकगत प्रगति विवरण
आ.व. २०७३/७४ मा मन्त्रालयका विभिन्न शाखाहरूबाट सञ्चालन भएका मुख्यमुख्य उपलब्धिहरुः.........................................................................७९

अनुसूची-१५.१ बजेट उपशीर्षक ३४०१०२३।४ महिला सशक्तीकरण कार्यक्रम ................७९

अनुसूची-१५.२ बजेट उपशीर्षक ३४०१०५३/४ समाजकल्याण कार्यक्रम ( अपाङ्गता सि.वि.आर तथा ज्येष्ठ नागरिक कार्यक्रमसमेत) .......................................................८०

अनुसूची-१५.३ बजेट उपशीर्षक ३४०१०७३।४ बालकल्याण कार्यक्रम ..........................८१

अनुसूची-१५.४ बजेट उपशीर्षक ३४०१०१३/४महिला विकास कार्यक्रम (केन्द्रस्तर/विभाग) ८२

अनुसूची-१५.५ बजेट उपशीर्षक३४०८०२३/४महिला विकास कार्यक्रम (जिल्लास्तर).........८३

अनुसूची-१५.६ लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम, केन्द्रस्तर........................................................................................ ८४
अनुसूची-१५.७ बजेट उपशीर्षक ३४००१६३/४राष्ट्रिय महिला आयोग.............................. ८५
अनुसूची-१५.८ बजेट उपशीर्षक ३४०१०८३-४ बालकल्याण समिति कार्यक्रम .................. ८५
अनुसूची-१५.९ वजेट उपशीर्षक ३४००१३ समाजकल्याण परिषद् .................................. ८६
अनुसूची-१६ आ.व. २०७३/७४ असार मसान्तसम्म नेपाल बाल सङ्गठनद्वारा सञ्चालित बालगृह र आश्रित बालबालिका................................................ ८८
अनुसूची-१७ आ.व. २०७३/७४ मा वैदेशिक अध्ययन तथा तालिममा सहभागितासम्बन्धी विवरण...................................................................................... ८९
अनुसूची-१८ समाजकल्याण कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिक संरक्षणको लागि आ.व.२०७३/७४ मा अनुदान प्राप्त गरेका संस्थाहरूको विवरण........................................... ९४
अनुसूची-१९ महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट समाजकल्याण कार्यक्रमअन्तर्गत अपाङ्गतासम्बन्धी कार्यक्रमको लागि ............................११६
अनुसूची-२० बालसुधार गृहमा आ.व. २०७३/७४ मा प्रवेश भएका बालबालिकाको सङ्ख्यात्मक विवरण ..................................................१२०
अनुसूची-२१ विभिन्न स्थानमा सञ्चालित वृद्धाश्रमहरूमा आश्रित ज्येष्ठ नागरिकहरूको विवरण१२२
अनुसूची-२२ बेरुजु सम्बन्धी विवरण.................................................................१२४
अनुसूची-२३ आ.व. ०७३/०७४ मा राष्ट्रिय महिला आयोगमा दर्ता भएका महिला हिंसाको उजुरी विवरण..........................................................................१२७
अनुसूची-२४ मन्त्रालयको सङ्ठन संरचना र दरबन्दी तेरिज ......................................१२८
अनुसूची-२५ ग) महिला तथा बालबालिका विभाग र कार्यालयहरुको संगठन संरचना र दरबन्दी तेरिज महिला तथा बालबालिका विभाग................................................१३१
अनुसूची-२६ मन्त्रालयका पदाधिकारीहरू र सम्पर्क टेलिफोन नम्बर............................१३२

# सारांश

आर्थिक वर्ष २०७३/७४ मा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयअन्तर्गत जम्मा १२ वटा बजेट उपशीर्षकका कार्यक्रम सञ्चालन भएकोमा १० वटा पहिलो प्राथमिकता (P१) र दुइवटा दोस्रो प्राथमिकता (P२) का कार्यक्रम रहेका छन् । पहिलो प्राथमिकताका कार्यक्रमहरूमा महिला सशक्तीकरण, बालकल्याण, समाजकल्याण कार्यक्रमहरू मन्त्रालयबाट सञ्चालन गरिएका छन् भने महिला तथा बालबालिका विभाग र ७५ जिल्लामा रहेका महिला तथा बालबालिका कार्यालयहरूबाट क्रमशः महिला विकास कार्यक्रम र महिला विकास जागृति कार्यक्रम सञ्चालन गरिएका छन् । राष्ट्रिय महिला आयोगबाट सञ्चालित कार्यक्रम पनि पहिलो प्राथमिकतामै पर्दछन् । दोस्रो प्राथमिकतामा समाजकल्याण परिषद् र केन्द्रीय बालकल्याण समितिसँग सम्बन्धित कार्यक्रमहरू रहेका छन् ।

मन्त्रालयबाट सञ्चालित महिला सशक्तीकरण कार्यक्रमका लागि वार्षिक बजेट रु. १३,५१,६४,०००।- विनियोजन भएकोमा ९३.७७ प्रतिशत भौतिक र ५९.५३ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । यस कार्यक्रमबाट विभिन्न ८ जिल्लामा सञ्चालित पुनस्थापना गृहबाट १६९७ जना पीडितलाई सेवा दिएको छ । मानव बेचबिखन नियन्त्रणतर्फ गाउँस्तरसम्म संयन्त्र तयार गर्न थालिएको छ । त्यसैगरी मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिम उन्मुख क्षेत्रको पहिचानका लागि आधारभूत सर्वेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ । लैङ्गिक हिंसामा परेकाहरूलाई उद्धार, संरक्षण र पुनस्थापना गराउन विभिन्न १७ जिल्लामा सेवाकेन्द्रहरू सञ्चालनमा रहेका छन् । पुनस्थापना केन्द्र र सेवा केन्द्र अस्थायी प्रकृतिका भएकोले दीर्घकालीन पुनस्थापना केन्द्रको रूपमा मंगला-साहना पुनस्थापना केन्द्रमार्फत सेवा प्रदान गरिएको छ । यस अवधिमा लैङ्गिक हिंसा निवारण कोषबाट ४३६ जनालाई लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरूलाई राहत तथा आर्थिक सहयोग प्रदान गरिएको छ ।

बालकल्याण कार्यक्रमका लागि रु ८,०८,२५,०००।- वार्षिक बजेट विनियोजन भएकोमा भौतिकतर्फ ९१.६७ र वित्तीयतर्फ ७९.९६ प्रतिशत प्रगति हासिल भएको छ । यस कार्यक्रमअन्तर्गत बालसुधार गृह नेपालगञ्ज बालकल्याण गृह बिराटनगरको भवन निर्माण गर्ने कार्य भइरहेको छ। भक्तपुर, कास्की र मोरङ्गमा बालसुधार गृह सञ्चालन कानुनी विवादमा परेका २५० जना बालबालिकाहरूले सेवा लिइरहेका छन् । नेपाल बाल सङ्गठनमा आश्रयमा रहेका बालबालिकाको संरक्षणमा सहयोग पुर्‍याइएको छ । सिंहदरबारस्थित दिवा शिशु स्याहार केन्द्रबाट निजामती कर्मचारीका (३ महिनादेखि ३ वर्षसम्मका) ६० शिशुहरूलाई दिवा हेरचाह तथा स्याहार सेवा प्रदान गरिएको छ भने सिंहदरबारमा दिवा शिशु स्याहार केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको छ । काठमाडौं उपत्यकाका सडक बालबालिकाहरूको व्यवस्थापन कार्य सुरु भई ६५६ जना बालबालिकाहरूको व्यवस्थापन भएको छ।

मन्त्रालयबाटै सञ्चालित समाजकल्याण कार्यक्रमबाट ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिसँग सम्वन्धित कार्यक्रमहरू सञ्चालन गरिएका छन् । अधिकांश कार्यक्रमहरू ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा कार्यरत संस्थाहरूमार्फत सञ्चालन गरिएका छन् र कार्यक्रम सञ्चालनका लागि संस्थाहरूलाई अनुदान उपलब्ध गराइएको छ । वार्षिक बजेट रु.२७,५७,१५,०००।- करोड विनियोजन भएकोमा भौतिकतर्फ ९९.४ प्रतिशत र वित्तीयतर्फ ८८.५७ प्रतिशत प्रगति हासिल

भएको छ । ४९ जिल्लामा ८७ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ७५ वटै जिल्लाका केही विद्यालयहरूमा अन्तरपुस्ता अनुभव हस्तान्तरण र सौहार्द्धता तथा साझेदारीअन्तर्गत विभिन्न जिल्लामा ज्येष्ठ नागरिक आश्रम निर्माणमा सहयोगलगायतका प्रमुख कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यसैगरी ज्येष्ठ नागरिकका हक स्थापित गर्न सञ्चार माध्यमबाट चेतनामूलक कार्यक्रम सञ्चालन, ज्येष्ठ नागरिकप्रति परिवारको दायित्व र ज्येष्ठ नागरिकको कर्तव्यसम्बन्धी भित्ते पात्रो प्रकाशन तथा ज्येष्ठ नागरिकका लागि परिचयपत्र छपाई तथा वितरणका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । साथै अपाङ्गतासंबन्धी केही कार्यक्रमहरू महिला तथा बालबालिका कार्यालयमार्फत सञ्चालन भएका छन् भने अधिकांश कार्यक्रमहरू अपाङ्गता भएका संस्थाहरूमार्फत गरिएका छन् ।

**चित्र नं.१ : बजेट विनियोजनसम्बन्धी विवरण:**



## चित्र नं. २ भौतिक तथा वित्तिय प्रगति विवरण




केन्द्रीय बालकल्याण समितिबाट सञ्चालित कार्यक्रममा वैदेशिक सहयोगसहित रु. ८ करोड ४ लाखको बजेट विनियोजन भएकोमा भौतिकतर्फ ९०.४ र वित्तीयतर्फ ८२.५ प्रतिशत प्रगति हासिल भएको छ । यसअन्तर्गत जोखिमपूर्ण अवस्थामा रहेका २४१० बालबालिकाको आपत्कालीन उद्धार गरी पुनर्स्थापन गरिएको छ । विशेष संरक्षण र हेरचाहको आवश्यकता भएका बालबालिकालाई बालगृहमा संरक्षण गरिएको छ । केन्द्र र जिल्लाहरूबाट ४४ जिल्लामा सञ्चालनमा रहेका ४६२ वटा बालगृहहरूको अनुगमन गरी पृष्ठपोषण गरिएको छ ।

महिला तथा बालबालिका विभागबाट सञ्चालित ब.उ.शी.नं. ३४०१०१३/४ को महिला विकास कार्यक्रमतर्फ रु ४,५३,२३,०००।- बजेट विनियोजन भएकोमा कार्यक्रमतर्फ भौतिक ९५.७१ र वित्तीय ८९.५० प्रतिशत प्रगति भएको छ । यसअन्तर्गत किशोरी विकास प्रशिक्षक प्रशिक्षण, ग्रामीण व्यवसाय प्रवर्द्धन प्रशिक्षण, संस्थागत विकास, अध्ययन अनुसन्धान, कार्यालय सञ्चालन, नयाँ कर्मचारीहरूलाई अनुशिक्षण, बाल अधिकारसम्बन्धी प्रशिक्षण जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

## तालिका १ :  आ.व. २०७३।७४ को वार्षिक प्रगति

| सि.नं | ब.उ.शी.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु हजारमा) | यस आ.व.को खर्च (हजारमा) | भौतिक प्रगति (%) | वित्तीय प्रगति (%) |
|---|---|---|---|---|---|---|
| १ | ३४००११३/४ | महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय p[1] | ७३५४९ | ६७६७४ | | ९२.०१ |
| २ | ३४००१४३/४ | समाजकल्याण केन्द्रहरू p[1] | ४३१७० | ३१५८० | | ७३.१५ |
| ३ | ३४०१०२३/४ | महिला सशक्तीकरण कार्यक्रम (मन्त्रालयस्तर)) p[1] | १३५१६४ | ८०४६५ | ९३.७७ | ५९.५३ |
| ४ | ३४०१०५३/४ | समाजकल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रमसमेत) p[1] | २७५७१५ | २४४१९३ | ९९.४ | ८८.५७ |
| ५ | ३४०१०७३/४ | बालकल्याण कार्यक्रम p[1] | ८०८२५ | ६४६२८ | ९१.६७ | ७९.९६ |
| ६ | ३४०१०१३/४ | महिला विकास कार्यक्रम (केन्द्रस्तर/विभाग) p[1] | ४५३२३ | ४०५६५ | ९५.७१ | ८९.५० |
| ७ | ३४०८०२३/४ | महिला विकास कार्यक्रम (जिल्लास्तर, महिला जागृति कार्यक्रमसमेत) | १३०३६०४ | ११९४२०४ | ९०.३१ | ९१.६१ |
| ८ | ३४०११२३/४ | लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम p[1] | २९,२६,९५ | २५५४४० | ९०.६० | ८७.२७ |
| ९ | ३४००१६३ | राष्ट्रिय महिला आयोग p[1] | ९१९५३ | ३५९०७ | ३९.७१ | ३९.०५ |
| १० | ३४००१३ | समाजकल्याण परिषद् p[2] | २,००,०० | २०००० | १०० | १०० |
| ११ | ३४०१०८३ | बालकल्याण समिति p[2] | ८,०४,०० | ६६३२८ | ९०.०४ | ८२.५० |
| १२ | ३४०११३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ९,९८,४६ | ८१२२३ | ९५.०६ | ८१.३५ |
| | | जम्मा | २५४२२४४ | २१८२२०७ | | ८५.८ |

महिला तथा बालबालिका विभागमार्फत ७५ वटै महिला तथा बालबालिका कार्यालयहरूबाट सञ्चालन हुने महिला विकास कार्यक्रममा विनियोजित रु. १ अर्ब ३० करोड ३६ लाख ९ हजारमध्ये रु. १ अर्ब १९ करोड ४२ लाख ०४ हजार खर्च भई वित्तीयतर्फ ९१.६१ प्रतिशत प्रगति भएको छ भने कार्यक्रमतर्फ ९०.३१ प्रतिशत भौतिक प्रगति हासिल भएको छ । यस कार्यक्रममार्फत ११४९१ समूह (निगरानी समेत) गठन, २०५१ समिति (निगरानी समेत) गठन र ७२ संस्था दर्ता भएका र १९६५८३ समूहमा ११४३१६२ महिला सहभागी छन् ।

# मन्त्रालयको स्थापना, कार्यादेश, नीति, ऐन, नियम तथा सङ्गठन संरचनाः

## १.१ स्थापनाः

ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रमको रूपमा आ.व. २०३९।०४० मा सुरु भएको महिला विकास अभियान कार्यक्रमहरूबाट प्राप्त उपलब्धि, अनुभव र समसामयिक आवश्यकताका आधारमा २०५२ असोज ६ गते महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरूको भूमिकालाई सशक्त बनाउने कार्यका अतिरिक्त बालबालिकालाई उच्च प्राथमिकता दिने हेतुले महिला तथा समाज कल्याण मन्त्रालयको नाम २०५७ मा परिवर्तन गरी "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" नामकरण गरियो । हाल ७५ वटै जिल्लामा महिला तथा बालबालिका कार्यालयमार्फत मन्त्रालयले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ अनुसार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको कार्यक्षेत्रभित्र महिला, बालबालिका तथा समाजकल्याणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका साथै अध्ययन, अनुसन्धान तथा सर्वेक्षणका विषयहरू तोकिएका छन् । यसैगरी अनाथ बालबालिका, असहाय महिला, वृद्धवृद्धा, अपाङ्ग र अशक्तको संरक्षण, बालबालिकाको कल्याण, ज्येष्ठ नागरिकको सुरक्षा र कल्याण, महिला कल्याण तथा सीप विकास पनि यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन् । यस मन्त्रालयको दायराभित्र राष्ट्रिय महिला आयोग, समाज कल्याण परिषद्, समाजकल्याण केन्द्र, वृद्धाश्रम र बाल मन्दिरका विषयहरू पनि पर्दछन् । महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघसंस्थासँग सम्पर्क र समन्वय तथा परिचालन एवं सरकारी तथा गैरसरकारी संघसंस्थाद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी कार्यक्रमको अनुगमन गर्नेलगायत धर्मपुत्र र धर्मपुत्री, लैङ्गिक हिंसासम्बन्धी विषयहरू पनि नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्न आउँदछन् ।

यसरी विभिन्न नीति, ऐन, नियम -कानुनहरू, दीर्घकालीन तथा आवधिक योजनाहरू, नेपाल पक्षभएका क्षेत्रीय एवं अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधीन आलेखहरू, अन्तर्राष्ट्रिय सभा-सम्मेलनहरू यस मन्त्रालयका कार्यदिशका आधारहरू हुन । यसबमोजिम मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र तेस्रो लिङ्गीसमेतको लागि समय सापेक्ष नीति निर्माण, समन्वय र सहकार्य तथा कार्यक्रम सञ्चालन-मूलतः सचेतना अभिवृद्धि र सशक्तिकरण गर्ने कार्य गर्दछ ।

समग्रमा मूलप्रवाहीकरण, सशक्तीकरण र समावेशीकरण जस्ता रणनीतिको आधारमा समतामय र सम्पन्न समुदाय निर्माण गर्न विभिन्न विपन्न वर्गका लागि समयको प्रवाहसँगै सार्थक पहल गर्ने उद्देश्य पूर्तिका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय स्थापना भएको हो ।

## १.२ कार्यादेश

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम मन्त्रालयको कार्यादेश निम्नानुसार रहेको छः

- महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- महिला, बालबालिका र समाज कल्याणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण
- महिला, बालबालिका र समाज कल्याणसम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थासँग सम्पर्क र समन्वय
- अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, वृद्धा, अपाङ्ग र अशक्तको संरक्षण
- महिला कल्याण तथा सीप विकास
- बालबालिकाको कल्याण
- ज्येष्ठ नागरिकको सुरक्षा र कल्याण
- राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वय तथा परिचालन
- सरकारी तथा गैरसरकारी संघ-स्थाद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी कार्यक्रमको अनुगमन
- धर्मपुत्र र धर्मपुत्री
- लैङ्गिक हिंसासम्बन्धी विषय
- राष्ट्रिय महिला आयोग
- समाज कल्याण परिषद्
- समाज कल्याण केन्द्र
- वृद्धाश्रम
- बालमन्दिर

## १.३ कानुन

### बालबालिकासम्बन्धी

- बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२
- बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९,

- बालबालिकासम्बन्धी ऐन, २०४८
- बालबालिकासम्बन्धी नियमावली, २०५१
- बालन्याय (कार्यविधि) नियमावली,, २०६३
- आपत्कालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- अन्तर्देशीय धर्मपुत्र धर्मपुत्री विकास समिति गठन आदेश, २०६७
- बालसुधार गृह सञ्चालन निर्देशिका, २०५७
- बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी  मापदण्ड, २०६९
- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२

## महिलासम्बन्धी

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१
- बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५
- एकल महिला सुरक्षा कोष नियमावली, २०७०
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१
- ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२,
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१
- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४
- पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- पुनस्थापना कोष सञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका,  २०६८
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४

- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९
- एकल महिला सुरक्षाकोष सञ्चालन मापदण्ड, २०७१
- राष्ट्रिय महिला आयोग ऐन, २०७४

## अपाङ्गता भएका व्यक्तिसम्बन्धी

- अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१
- अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५
- सि.वि.आर. कार्यक्रम सञ्चालन निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि, २०६३
- पूर्ण  अपाङ्गता भएका व्यक्तिहरूको लागि आवासीय पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७२
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४

## ज्येष्ठ नागरिकसम्बन्धी

- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३
- ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५
- ज्येष्ठनागरिक राष्ट्रिय कार्ययोजना, २०६२,
- ज्येष्ठ नागरिककल्याण कोष खर्च गर्नेसम्बन्धी प्रक्रिया र मापदण्ड, २०७२

## अन्य

- समाजकल्याण ऐन, २०४९

## १.४ सङ्गठन संरचनाः

मन्त्रालयमा ३ वटा महाशाखा र १२ वटा शाखा रहेका छन् । मन्त्रालयको कुल दरबन्दी ८० जना रहेको छ । महिला तथा बालबालिका विभागमा ५१ जनाको दरबन्दी कायम छ । त्यसैगरी जिल्लास्तरमा २२ जिल्लामा रा.प. द्वितीय श्रेणीको कार्यालय प्रमुखसहित जम्मा १४१३ जनाको दरबन्दी रहेको छ । मन्त्रालय, विभाग र कार्यालयहरूको सङ्गठन संरचना र पदाधिकारी तथा सम्पर्क टेलिफोन नम्बरसम्बन्धी विवरण क्रमशः अनुसूची २४, २५ र २६ मा दिइएको छ ।

# कार्यक्रम तथा प्रगति

मन्त्रालय र अन्तर्गतका विभिन्न निकायहरूबाट आ.व.२०७३/७४ मा सम्पन्न भएका विभिन्न कार्यक्रमहरूको उपलब्धिसमेत  तथ्याङ्कगत प्रगतिको विस्तृत विवरण अनुसूची १ देखि २३ मा दिइएको छ। सम्पादित मुख्यमुख्य कार्यक्रमहरूको संक्षिप्त व्यहोरा तल प्रस्तुत गरिएका छः

## २.१ महिला सशक्तीकरण (मन्त्रालयस्तर)

महिला सशक्तीकरण (मन्त्रालयस्तर) शीर्षक अन्तर्गत आ.व. २०७३/७४ मा रु १३,५१,६४,०००।- विनियोजन भएकोमा रु.८,०४,६५,०००।- खर्च भएको छ । भौतिकतर्फ ९३.७७% र वित्तीयतर्फ ५९.५३% प्रतिशत प्रगति हासिल भएका मुख्य मुख्य कार्यक्रमको विवरण तपसिल बमोजिम रहेका छन् ।

### क) लैङ्गिक हिंसा न्यूनीकरण

सामाजिक कलङ्क र अपराधको रूपमा देखिएको लैङ्गिक हिंसा निवारणका लागि कानुनी र राष्ट्रिय कार्ययोजनाका साथै वार्षिक कार्यक्रमका आधारमा विगतदेखि नै कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। महिला सशक्तीकरण कार्यक्रमअन्तर्गत लैङ्गिक हिंसामा परेकाहरूलाई उद्धार, संरक्षण र पुनस्थापना गराउन १७ जिल्लामा सेवा केन्द्रहरू सञ्चालन गरिएका छन् । लैङ्गिक हिंसा (निवारण) कोषबाट ७५ वटै जिल्लामा लैङ्गिक हिंसामा परेका पीडित/प्रभावितहरूलाई सेवा प्रदान गरिएको छ । महिला हिंसाविरुद्धको १६ दिने अभियान मनाइएको छ । हिंसाका कारण, परिणाम र संयन्त्रको सम्बन्धमा व्यवस्थापिका संसद्का माननीय सांसद्हरूका लागि महिलाको हकहित र अधिकार संरक्षणसम्बन्धी विशेष कार्यक्रम सञ्चालन भएको छ । हिंसा पीडित महिला तथा किशोरीलाई संरक्षण र पुनस्थापना गर्न राष्ट्रियस्तरको मंगला साहना दीर्घकालीन पुनस्थापना केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ । हाल मंगला साहना दीर्घकालीन पुनस्थापना केन्द्रमा १८ जना रहेका छन् ।

### ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

आ.व.२०७३/०७४ मा मानव बेचबिखन नियन्त्रणका सम्बन्धमा देहायका कामहरू सम्पादन भएका छन्ः

यस अवधिमा "हामी सबै मिली गरौं विपतको सामना मानव बेचबिखनको अन्त्य हाम्रो कर्तव्य र चाहना" भन्ने नाराका साथ नवौं मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण दिवस मनाइएको छ

भने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७१ प्रकाशन गरिएको छ । सिन्धुपाल्चोक, काठमाडौं, रुपन्देही, झापा, कैलाली, बाँके, पर्सा र चितवन जिल्लाहरूमा सञ्चालित पुनस्थापना गृहबाट पीडित तथा प्रभावितलाई सेवा पुर्‍याइएको छ । भक्तपुर, प्युठान र रोल्पा जिल्लामा मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिका प्रतिनिधि र जिल्लास्तरीय समितिका सदस्यहरू तथा सरोकारवालावीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । मन्त्रालयबाट मानव बेचबिखनविरुद्ध जनचेतना अभिवृद्धि गर्न सञ्चार माध्यमहरूमार्फत प्रचार प्रसार गरिएको छ । मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले संवेदनशील जिल्लाहरूका जोखिममा रहेका तथा जोखिमउन्मुख क्षेत्र पहिचानका लागि सर्वेक्षण गर्न Desk Review सम्पन्न भएको छ ।

**ग) योजना र अनुगमन**

योजना तथा अनुगमन शाखाबाट कार्यक्रम तर्जुमा, कार्यक्रम तथा आयोजनाहरूको प्रगति प्रतिवेदन सङ्ग्रह तथा सम्प्रेषण, कमलरी कार्यक्रमको प्रभावकारिता अध्ययन तथा महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययन गरी सुझाव प्रस्तुत र निरन्तर अनुगमन जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यसका अतिरिक्त मन्त्रालयको कार्यक्षेत्रमा Internship तथा सोधपत्र लेख्ने कार्यमा समेत सहयोग पुर्‍याइएको छ ।

## २.२ महिला विकास (केन्द्रस्तर/विभाग)

महिला तथा बालबालिका विभागबाट सञ्चालित कार्यक्रमतर्फ विनियोजित रकम रु.४,५३,२३,०००।- मध्ये कार्यक्रमतर्फ रु ४,०५,६५,०००।- खर्च भई भौतिक तर्फ ९५.७१% र वित्तीयतर्फ ८९.५० प्रतिशत प्रगति भएको छ । यस कार्यक्रमबाट नयाँ कर्मचारीहरूको लागि अनुशिक्षण, व्यवसाय प्रशिक्षण अध्ययन अनुसन्धान कार्य र वार्षिक समीक्षा गोष्ठी सम्पन्न गरियो । त्यसैगरी किशोरी विकास कार्यक्रमलगायत क्षमता अभिवृद्धि र सशक्तीकरणका कार्यक्रमहरू सम्पन्न भएका छन् ।

## २.३ महिला विकास - जिल्लास्तर (महिला जागृतिसमेत)

यस कार्यक्रमले ७५ वटै महिला तथा बालबालिका कार्यालयबाट सञ्चालन हुने कार्यक्रमलाई समेटेको छ । यसले मन्त्रालयको कुल बजेट रु. २ अर्ब ५४ करोडमध्ये करिव ६० प्रतिशत (रु. २ अर्ब १८ करोड) अंश ओगट्दछ । यस कार्यक्रमले विशेषगरी महिला विकास कार्यक्रमतर्फ बढी ध्यान दिएको छ । विपन्न महिलाहरूलाई समूहमा आवद्ध गरी सशक्त बनाउन हालसम्म १९६५८३ वटा समूह गठन भएका छन् भने ११४३१६२ जना महिलाहरूलाई समूहमा आवद्ध गराइएको छ । महिलाहरूलाई आर्थिकरूपमा सशक्त बनाउन हालसम्म २०७१ वटा महिला सहकारी संस्था गठन गरिएको छ ।

## २.४ लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास (केन्द्रस्तर):

यस शीर्षकअन्तर्गत आ.व. २०७३/७४ को विनियोजित बजेट रु.२९,२६,९५,०००।- रहेकोमा यस अवधिको खर्च रु.२५,५४,४०,०००।- भएको देखिन्छ । यस कार्यक्रमको वार्षिक भौतिक प्रगति ९०.६०% र वित्तीय प्रगति ८७.२७% प्रतिशत रहेको छ । यस कार्यक्रमअन्तर्गत महिला समूह, समिति र संस्थाहरूको साङ्गठनिक सुदृढीकरण तथा व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण, समूह गठन र बचत परिचालन, महिला संस्थाको अवस्था विश्लेषण जस्ता कार्यक्रम सम्पन्न भएका छन् । त्यस्तै रणनीति पत्र तर्जुमा कार्यशाला, महिला संस्थाका सञ्चालक समितिका पदाधिकारी, व्यवस्थापन कर्मचारीलाई नेतृत्व तथा संस्थागत विकास तालिम, महिलाका लागि अन्तरजिल्ला रेखाङ्कन भ्रमण, केन्द्रीय कानुनी सहायता समितिको बैठक, ७५ जिल्लामा लैङ्गिक हिंसा निवारण जिल्ला संयोजन समितिको बैठक सञ्चालन, सेवा प्रवाहको सुदृढीकरणका लागि केन्द्रीय कानुनी सहायता समिति र जिल्ला कानुनी सहायता समितिलाई अनुदान, अन्तरपुस्ता सरोकार विश्लेषण कार्यशालाजस्ता कार्यक्रम सम्पन्न भएका छन् । यसै कार्यक्रममार्फत UNICEF/DFID को सहयोगमा विद्यालयविमुख किशोरीहरूको बहुआयामिक विकास कार्यक्रमसमेत सम्पन्न भएको छ ।

## २.५ बालकल्याण

बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले परिलक्षित गरेका बालबालिकाका बचाउ, संरक्षण, विकास र सहभागिताका अधिकारको सुनिश्चितता, संरक्षण र उनीहरूको निर्भयपूर्वक हुर्कन पाउने हक अधिकारका लागि मन्त्रालयले विभिन्न निरोधात्मक तथा संरक्षणात्मक कार्यहरू गर्दैआएको छ ।

आ.व. २०७३/०७४ मा बालकल्याण कार्यक्रमका लागि रु. ८०,८२५०००।- विनियोजन भएकोमा रु. ६४,६२८,०००।- खर्च भई वित्तीय प्रगति ९१.६७ र भौतिक प्रगति ७९.९६% भएको छ । यस कार्यक्रमबाट देहायका प्रगतिहरू भएका छन्:-

- सिंहदरबारमा दिवाशिशु स्याहार केन्द्र सञ्चालन भई ६० जनाशिशुहरू केन्द्रमा रहेका ।
- भक्तपुर, कास्की र मोरङमा बालसुधार गृह सञ्चालन, कानुनीविवादमा परेका २५० जना बालबालिकाहरूले सेवा लिइरहेका ।
- नेपालगञ्जमा बालसुधार गृहको सञ्चालनको तयारी कार्य भइरहेको छ ।
- बालमन्दिरमा संरक्षणमा रहेका बालबालिकाहरूलाई पोषणशिक्षा स्वास्थ्य सेवाका लागि नेपाल बाल सङ्गठनलाई अनुदान दिइएको ।
- बालबालिकासम्बन्धी ऐनको मस्यौदा निर्माण ।
- बालबालिकासम्बन्धी १० वर्षे कार्ययोजनाको मूल्याङ्कन तथा नयाँ कार्ययोजना निर्माणको थालनी ।
- बालबालिकालाई अनुशासनका नाममा दिइने शारीरिक तथा मानसिक सजाय र भूकम्प प्रभावित क्षेत्रका बालबालिकाहरूलाई मनोसामाजिक परामर्शका कार्यक्रम ।

- बालबालिका संरक्षण तथा बालअधिकार संवर्धन बारे सचेतना कार्यक्रम ।
- बालविवाह रोकथाम तथा न्यूनीकरण अभियान
- बालकल्याण गृह विराटनगरमा पर्खाल निर्माण र गेट निर्माण सम्पन्न भएको र आवश्यक सामग्रीहरू खरिद गरी नयाँ भवनमा बालकल्याण गृह सर्न सकिने अवस्था रहेको ।

## २.६ केन्द्रीय बालकल्याण समिति

आ.व.२०७३/७४ मा केन्द्रीय बालकल्याण समितिबाट सञ्चालित बालकल्याण समिति कार्यक्रममा वार्षिक विनियोजन रकम रु. ८,०४,००,०००।- (आठ करोड चार लाख) भएकोमा रु. ६,६३,२८,०००।- (छ करोड त्रिसट्ठीलाख अठाइस हजार) खर्च भई भौतिकतर्फ ९०.४ र वित्तीयतर्फ ८२.५० प्रतिशत प्रगति हासिल भएको छ । मुख्यमुख्य कार्यक्रमहरूमाः बालकल्याण समिति सञ्चालन तथा व्यवस्थापन, बालबालिका खोजतलास समन्वय केन्द्र निःशुल्क टेलिफोन नं. १०४ सञ्चालन, बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन, बाल संरक्षण तथा राहत सहयोग, बालअधिकार संरक्षण तथा संवर्धन र प्रचारप्रसार तथा बालगृह अनुगमन निरीक्षण जस्ता कार्यक्रमहरू रहेका छन् ।

### केन्द्रीय बालकल्याण समितिबाट सञ्चालित कार्यक्रम

आ.व.२०७३/०७४ मा केन्द्रीय बालकल्याण समितिबाट सञ्चालित बालकल्याण समिति कार्यक्रम (बजेट उपशीर्षक नं. ३४०१०८३) मा वार्षिक विनियोजन रकम रु. ८,०४,००,०००।- (आठ करोड चार लाख) भएकोमा रु. ६ करोड ८७ लाख ४३ हजार खर्च भई भौतिक प्रगति ९०.०४ प्रतिशत र वित्तीय प्रगति ८५.५० प्रतिशत प्रगति हासिल भएकोछ ।

आ.व.२०७३/०७४ मा सञ्चालन गरिएका मुख्यमुख्य कार्यक्रमः बालकल्याण समिति सञ्चालन तथा व्यवस्थापन, बालबालिका खोजतलास समन्वय केन्द्र निःशुल्क टेलिफोन नं. १०४ सञ्चालन, बाल हेल्पलाइन नं. १०९८ (दश, नौ, आठ) नेपाल सञ्चालन, बाल संरक्षण तथा राहत सहयोग, बालअधिकार संरक्षण तथा संवर्धन, बाल विवाह रोकथाम तथा न्यूनीकरण, बालबालिकाको बेच विखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रण, कर्णाली अञ्चललगायत पिछडिएका क्षेत्रमा पारिवारिक सचेतना अभिवृद्धि, बालअधिकार संरक्षण तथा संवर्धनसम्बन्धी व्यापक प्रचार प्रसार, जिल्लातहमा सरोकारवाला निकायहरूबीचको प्रभावकारी समन्वय र सहयोगका लागि बालबालिका हक हितको निम्ति अन्तरक्रिया, गोष्ठी, समन्वय तथा बालगृह अनुगमन, निरीक्षण तथा व्यवस्थापन जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ जसको विस्तृत विवरण अनुसूची-१ देखि अनुसूची-४ सम्मको तालिकामा दिइएको छ ।

वैदेशिक सहयोग (युनिसेफ) तर्फ सोझै भुक्तानी हुने गरी विनियोजन गरिएको कार्यक्रम बजेट रकम रु. दुई करोड चार लाख मध्ये रु. १ करोड ६८ लाख १९ हजार खर्च भएकोछ भने नेपाल सरकार स्रोततर्फ समितिको कार्यालय भवन निर्माणको लागि विनियोजन गरिएको रकम रु. १ करोड ८३ लाख ५३ हजार मध्ये रु. १ करोड २७ लाख १९ हजार खर्च भएको छ ।

यसैगरी मन्त्रालयबाट थप अख्तियारी प्राप्त बालकल्याण कार्यक्रम (बजेट उपशीर्षक नं. ३४०१०७३) सडक बालबालिका मुक्त काठमाडौं उपत्यका अभियानअन्तर्गत सडक बालबालिका उद्धार, संरक्षण र व्यवस्थापनमा विनियोजन गरिएको रकम रु. १ करोड २५ लाखमा १ करोड २३ लाख ५३ हजार खर्च भई कार्यक्रमबाट ४५३ जना सडक बालबालिकालाई उद्धार गरी आवश्यक राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापन गर्न सफल भई शतप्रतिशत भौतिक प्रगति हासिल गरिएको छ ।

**चुनौति तथा समस्या**

- सुस्त मनस्थिति भएका, मानसिक वबरामी भएका र अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि कानुनबमोजिम त्यस्ता गृह तथा केन्द्रको स्थापना तथा सञ्चालन हुन नसकेकाले उचित संरक्षण तथा व्यवस्थापन प्रभावकारी हुन नसक्नु ।
- जनशक्तिको अभाव ।

**सुझाव**

- बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४३ बमोजिम अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना तथा सञ्चालन आवश्यकताको आधारमा नेपाल सरकारले स्थापना गर्नुको साथै त्यस्ता किसिमका बालगृह वा संस्था खोल्न नेपाल सरकारले नागरिक समाज वा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्नुपर्ने ।
- बालबालिका सम्बन्धी ऐन, २०४८ तथा यसको नियमावली, २०५१ को निमय ३१ बमोजिम आवश्यक कर्मचारीको व्यवस्था हुनुपर्ने ।

**बालगृह**

अनाथ, जोखिम र अति दयनीय अवस्थामा रहेका बालबालिकाको लालनपालन तथा शिक्षादीक्षाका लागि २००९ मा काठमाडौंमा परोपकार अनाथालय स्थापना भएको थियो । यसैगरी अनाथ, परित्यक्त र अन्य जोखिममा रहेका बालबालिकाको लालनपालन तथा शिक्षादीक्षाका लागि २०२१ सालदेखि नेपाल बाल मन्दिर सञ्चालनमा रहेको छ । २०७३ असार मसान्तसम्म ४४ जिल्लामा जम्मा ५७७ वटा बालगृह सञ्चालनमा रहेकोमा साल २०७४ साल असार मसान्तसम्ममा विभिन्न ४६ जिल्लाहरूमा ५ सय ६७ आवसीय बालगृह सञ्चालनमा रहेका छन् । यी बालगृहहरूमा जम्मा १६,५३६ बालबालिका (बालक ८,३१८ र बालिका ८,२१८) रहेका छन् । सात प्रदेशमध्ये प्रदेश १ मा सात जिल्लामा २७ वटा बालगृह सञ्चालनमा छन् जसमा ५८६ जना बालबालिका संरक्षित छन् भने प्रदेश २ मा आठ जिल्लामा १५ वटा, प्रदेश ३ मा ४१५ वटा, प्रदेश ४ मा ५५ वटा, प्रदेश ५ मा ३० वटा, प्रदेश ६ मा १३ वटा र प्रदेश ७ मा १२ मा बालगृहहरू सञ्चालनमा रहेका छन् । प्रदेश ३ मा मात्र ७३ प्रतिशत बालगृह केन्द्रित छन् । यसमध्ये पनि काठमाडौं जिल्लामा १९९ वटा र ललितपुर जिल्लामा १२६ बालगृहहरू सञ्चालनमा रहेका छन् भने कास्कीमा ४६ वटा बालगृहहरू छन् । २९ वटा जिल्लामा कुनै पनि बालगृह छैन भने १८ वटा जिल्लामा एक/एक वटा मात्र बालगृह सञ्चालनमा छन् । प्रदेश अनुसारको बालगृह एवं बालबालिकाको विवरण अनुसूची ८ र ९ मा प्रस्तुत गरिएको छ ।

## २.७ समाजकल्याण

समाजकल्याण कार्यक्रमतर्फ २०७३/०७४ मा रु. २,००,००,०००।- विनियोजन भएकोमा रु. २,००,००,०००।- नै खर्च भई भौतिकतर्फ१०० प्रतिशत तथा वित्तीयतर्फकरीव १०० प्रतिशत प्रगति हासिल हुन सकेको छ । समाजकल्याण कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिकसम्बन्धी र अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्यक्रम सञ्चालन भएका छन् ।

### २.७.१ ज्येष्ठ नागरिक

यस कार्यक्रमबाट ज्येष्ठ नागरिकहरूको सुरक्षामा सहयोग पुर्‍याउन ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने २३१ वटा गैरसरकारी संस्थाहरूलाई चालु तथा पूँजिगत अनुदान उपलब्ध गराइएको छ भने ४९ वटा जिल्लामा ८७ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन भएका छन् ।

### २.७.२ अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्यक्रम

यस कार्यक्रमअन्तर्गत पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई साझेदारीमा आवासीय पुनस्थापना केन्द्र स्थापना, रेडियो कान्तिपुरमा अपाङ्गता आवाज कार्यक्रम सञ्चालन भइरहेको छ भने एभिन्यूज टेलिभिजनमार्फत साङ्केतिक भाषामा समाचार प्रसारण भएको छ। कुष्ठरोग भएका १४६ जना व्यक्तिहरू कुष्ठरोग निवारण संघमा पुनस्थापना भएको, अपाङ्गमैत्री स्थान र संरचना अपाङ्गमैत्री भए नभएको परीक्षणको लागि अनुदान सूचकको मस्यौदा तयार भएको र दोभासे कार्यक्रम ३१ जिल्लाका महिला तथा बालबालिका कार्यालयमा सञ्चालन भएको छ। यस्तै अपाङ्गता भएका व्यक्ति र तिनीहरूको परिवारलाई आयमूलक तालिम प्रदान गरिएको छ ।

## २.८ राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगबाट आ.व. २०७३/०७४ मा सञ्चालन हुने कार्यक्रमका लागि रु. ९१,९५३,०००।- विनियोजन भएकोमा रु. ३५९०७,०००। खर्च भई भौतिकतर्फ ३९.७१ र वित्तीयतर्फ ३९.०५ प्रतिशत प्रगति हासिल भएको छ । आयोगका कार्यक्रमहरूमा सामाजिक कुरीति, दाइजोलगायत यौनजन्य दुर्व्यवहारविरुद्ध हुने हिंसा तथा महिला अधिकारसँग सम्बन्धित विषयहरूमा छलफल अन्तरक्रिया कार्यक्रम, प्रथा परम्परा तथा सामाजिक कुरीतिका कारण महिलामाथि हुने हिंसा सम्बन्धमा जिल्लास्तरमा छलफल अभियान, विद्यालयतहमा महिला अधिकारसम्बन्धी सचेतनामूलक कार्यक्रम, महिला अधिकार अनुगमन राष्ट्रिय सञ्जाल सञ्चालन खर्च, अनुगमन, तालिम, छलफल अन्तरक्रिया, लैङ्गिक हिंसाका घटनाहरूको उजुरी, कार्यान्वयनको अवस्था र चुनौती सम्बन्धमा सरोकारवाला सरकारी निकायहरूसँग छलफल अन्तरक्रिया, विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा लैङ्गिक सवाल तथा महिला अधिकारसम्बन्धी विषय समावेश गर्ने सम्बन्धमा सरोकारवाला निकायहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम, महिला अधिकारसम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रम, रेडियो नेपालबाट महिला अधिकारसम्बन्धी साप्ताहिक कार्यक्रम प्रसारण, महिलाविरुद्धको भेदभाव, प्रथा, हिंसा तथा महिला अधिकारसम्बन्धी चेतनामूलक श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रसारण आदि रहेका छन् ।

## २.९ समाजकल्याण परिषद्

समाजकल्याण परिषद्का लागि आ.व. २०७३/७४ का लागि रु. २,००,००,०००।- विनियोजन भएकोमा सवै रकम खर्च भएको छ । उक्त रकम कार्यक्रमतर्फ नभई नियमित तलव भत्तातर्फ विनियोजन भएकाले कार्यक्रमगत उपलब्धि राख्न मिल्ने देखिएन । समाजकल्याण परिषद्बाट सञ्चालन हुने कार्यक्रमहरू परिषद्को आन्तरिक स्रोतबाट व्यहोरिएका छन् । राष्ट्रिय गैरसरकारी संस्थाहरूको सम्बन्धन दिने, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरूका सम्बन्धमा सम्झौता गर्ने तथा परिचालन गर्ने जिम्मेवारी परिषद्को रहेको छ । परिषद्सँग २०७३/७४ मा जम्मा ७४८ गैरसरकारी संस्थाले आबद्धता लिएका छन् । यस अवधिमा ९० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका साधारण सम्झौता भएको र सोअन्तर्गत न्यूनतम प्रतिबद्धता गरिएको रकम रु. २९ अर्ब २ करोड ८४ लाख ३० हजार ६ सय ७० थियो । सोही अवधिमा विभिन्न ६३१ संस्थाका ११३६ वटा कार्यक्रममार्फत रु. २३ अर्व ५३ करोड ४८ लाख ९० हजार बराबरको कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका परियोजनाको आवधिक मूल्याङ्कन गर्ने गरिएकोमा यस अवधिमा मूल्याङ्कन गरिएका ८१ वटा परियोजनामध्ये विभिन्न ५६ वटा आयोजनाको मूल्याङ्कनमा मन्त्रालयबाट सहभागिता जनाइएको छ ।

## २.१० अन्तर्देशीय धर्मपुत्र- धर्मपुत्री

### (क) अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापनसम्बन्धी विवरण:

नेपालले अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी महासन्धि, १९९३ लाई सन् २००९ मा हस्ताक्षर गरेपछि सोही महासन्धिको दफा ६ को प्रावधानअनुसार अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्री काम हेर्ने गरी केन्द्रीय निकाय गठंन गनुपर्ने भएकाले नेपाल सरकार (मं.प) को निर्णयबाट अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठंन) आदेश, २०६७ बमोजिम अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति गठंन भई सो समितिमार्फत यस आ.व. मा निम्नबमोजिमका कार्यहरू भएका छन्ः-

(१) स्वदेशमा धर्मपुत्र, धर्मपुत्री दिने कार्यलाई प्राथमिकता दिइएको कारणबाट यस आ.व. मा नेपालभित्र ६२ जना धर्मपुत्र, धर्मपुत्री ग्रहण भएका छन ।

(२) बालगृहहरूलाई अझ बढी अनुशासित बनाई अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी काम गर्नको लागि ६ वर्ष बालगृह सञ्चालनको अनुभव भएका १५ वटा बालगृहलाई मन्त्रालयबाट सूचीकृत गरिएका छन ।

(३) अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी कामलाई पारदर्शी बनाउनको लागि यससम्बन्धी वार्षिक प्रतिवेदन, २०७२ प्रकाशन गरिएको छ ।

(४) बालगृहमा रहेका बालबालिकासम्बन्धी विवरणलाई अझ व्यवस्थित गराउनको लागि बालबालिकाको व्यक्तिगत विवरण बालगृहबाट नभई सामाजिक कार्यकर्ताबाट तयार गराउँदा बढी पारदर्शी हुने भएकाले त्यस्ता सामाजिक कार्यकर्ताको रोष्टर तयार गर्ने

काम सुरु गरिएको छ ।

(५) विदेशी नागरिकले नेपालबाट धर्मपुत्र, धर्मपुत्री माग गर्दा आफै बालगृहमा गई बच्चा छनौट गर्न नपाउने व्यवस्था गरिएको हुँदा र निवेदन सम्बन्धित देशको दूतावास वा नेपालमा सूचीकृत विदेशी एजेन्सीमार्फत पठाउनु पर्ने हुदाँ यस वर्ष तीन वटा विदेशी एजेन्सी सूचीकृत भएको छन् ।

(६) अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी सूचना सहजै प्राप्त गर्न www.lcab.gov.np लाई अद्यावधिक गरिएको छ ।

(७) यस वर्ष संयुक्त राज्य अमेरिकामा २ जना, स्लोभेनियामा २ जना, अस्ट्रेलियामा १ जना बालिका धर्मपुत्री भई गएका छन ।

(८) प्रक्रियामा रहेका फाइल सङ्ख्या ५

## अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति

१. विदेशी नागरिकबाट ११ वटा धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी निवेदन प्राप्त भएको छ ।

२. नेपाली बालबालिका विदेशी नागरिकले धर्मपुत्र, धर्मपुत्री माग गर्दा आफ्नो देशको एजेन्सीमार्फत निवेदन पठाउन पर्ने भएकोले USA को २ वटा विदेशी एजेन्सीलाई सूचीकरण गर्न माग आएको छ ।

३. धर्मपुत्र धर्मपुत्री माग भएका ११ वटा निवेदनमध्ये २ वटा बालिका धर्मपुत्री ग्रहण गरी लगेको छ । २ वटा निर्णयको क्रममा रहेका र अन्य प्रक्रियामा रहेका छन् ।

४. अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री काम गर्नका लागि ६ वर्ष कार्य अनुभव भएका १४ वटा बालगृहहरूलाई मन्त्रालयबाट सूचीकृत गरिएको छ ।

५. २०५७ सालदेखि २०६५ सालसम्म धर्मपुत्र, धर्मपुत्री भई गएकाहरूको २१४७ फाइल व्यवस्थित तरिकाले राखिएको छ ।

६. आ.व. २०७१।७२ मा स्वदेशमा ६२ वटा धर्मपुत्र धर्मपुत्री भई गएको देखिन्छ ।

## २.११ मन्त्रालयस्तरीय समस्या समाधान उपसमिति

आ.व. २०७२/७३ मा सञ्चालित कार्यक्रमहरूको सन्दर्भमा मन्त्रालयस्तरीय समस्या समाधान उपसमितिको बैठक मिति २०७४/४/ ३१ गते उपसमितिका संयोजक तथा मन्त्रालयका सचिव श्री खगराज बरालज्यूको अध्यक्षतामा सम्पन्न भयो ।

### मन्त्रालयस्तरीय समस्या समाधान उपसमितिको बैठकका निर्णयहरू

१. मिति २०७४/४/२७ गते मन्त्रालयबाट सार्वजनिक गरिएको ३७ बुँदे कार्ययोजना, चौधौ योजना, दिगो विकासका लक्ष्यहरू समेतको आधारमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको अधिकतम हकहित र अधिकार सुनिश्चित हुने गरी

कार्ययोजना बनाई कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

२. कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयभित्र र बाहिर समन्वय गरी सङ्घीय संरचनाअनुरूप कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने ।

३. समाजकल्याण ऐन, २०४९ लाई प्रतिस्थापन गर्ने ऐन परिमार्जनमा ढिलाई भएको विषय मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठकमा पेश गर्ने ।

४. बेसहारा, विपन्न, पूर्ण सशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि सार्वजनिक निजी साझेदारीमा सातवटै प्रदेशमा एक एक वटा सुविधासम्पन्न पुनस्थापना केन्द्र स्थापना गर्ने नीतिमा स्रोत अभाव भएको विषय मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठकमा पेश गर्ने ।

## २.१२ वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिः

मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक (MDAC) मिति २०७४/५/४ गतेका दिन महिला, बालबालिका तथा समाजकल्याणमन्त्री श्री आशा कोइरालाको अध्यक्षतामा बसेको थियो । उक्त बैठकमा ७४ जनाको सहभागिता रहेको थियो ।

**वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकका निर्णयहरू**

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट परिचालन हुने रकम राष्ट्रिय हित, विशेष गरी विपन्न तथा सिमान्तकृतहरूको क्षेत्रमा परिचालन हुने व्यवस्था समाजकल्याण परिषद्मार्फत मिलाउने ।

२. सम्पूर्ण कार्यक्रमहरू स्थानीय तहको समन्वयमा महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूले अधिकतम हितमा हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउने तथा अन्तरमन्त्रालय समन्वयको लागि समन्वय बैठक बोलाउने र उक्त बैठकको संयोजन नीति, योजना तथा कार्यक्रम शाखाले गर्ने ।

३. बेसहारा, विपन्न, अशक्त महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि नेपाल सरकारको तर्फबाट सातवटै प्रदेशमा एक एक वटा सुविधासम्पन्न पुनस्थापना केन्द्र स्थापना गर्न सम्बन्धित शाखाबाट गुरुयोजना निर्माण गर्ने र स्रोत जुटाई क्रमशः पुनस्थापना केन्द्र स्थापना गर्दै जान यस वर्ष आवश्यकीय पूर्वतयारीको कार्य गर्ने ।

४. मानसिक समस्या भएका व्यक्तिहरूको व्यवस्थापन गर्ने विषय NDAC को बैठकमा पेश गर्ने।

५. स्थानीय तहमा महिला तथा बालबालिका शाखा र सामाजिक सुरक्षा शाखा राख्न स्थानीय विकास मन्त्रालयमा पत्राचार गर्ने ।

# कोषसम्बन्धी व्यवस्था

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गत देहायका कोषहरू रहेका छन् र ती कोषहरूको सञ्चालन तत्तत् कोषसम्बन्धी नियमावली तथा कार्यविधिका आधारमा हुने गरेका छन्। कोषहरूमा प्रत्येक वर्ष रकम जम्मा गर्ने प्रयोजनका लागि मन्त्रालयको वार्षिक कार्यक्रममा रकम विनियोजन गर्ने ब्यवस्था मिलाइएको छ ।

**३. कोषको नाम** **२०७३ असार मसान्तसम्ममा सञ्चित रकम**

**३.१ आपत्कालीन बालउद्धार कोष** **रु. ५,५९,७०,७२९।७१**

आपत्कालीन बाल उद्धार कोषबाट आपत्विपत्मा परेका बालबालिकाको उद्धार, राहत तथा पुनस्थापना लगायत बालबालिकाको हकहितका कार्यका लागि मन्त्रालय र ७५ जिल्लाबाट खर्च हुने गरेको छ। यो कोष सञ्चालनका लागि आपत्कालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७ लागु गरिएको छ ।

**३.२ लैङ्गिक हिंसा निवारण कोष** **रु. ४,८८,१८,३००।–**

लैङ्गिक हिंसा निवारण कोषको रकम लैङ्गिक हिंसामा परेका महिलाहरूको उद्धार, उपचार, परामर्श, कानुनी उपचार तथा पुनस्थापना कार्यमा खर्च गर्ने गरिएको छ । यो कोषको रकम परिचालन गर्न लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ जारी गरिएको छ ।

**३.३ एकल महिला सुरक्षा कोष** **रु. ३,८२,६६,२५०।-**

एकल महिला सुरक्षा कोषबाट एकल महिलाको क्षमता विकास, उद्यमशीलता, औषधि उपचार, कानुनी सहायता लगायतका कार्यमा खर्च हुने व्यवस्था गरिएको छ । यस कोषलाई परिचालन गर्न एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१ स्वीकृत गरी ७५ वटै जिल्लाबाट उद्धार, राहत तथा पुनस्थापना, औषधि उपचार, कानुनी सहायता, शिक्षा र सीपमूलक तालिम तथा स्वरोजगार तालिममा तोकिएको रकम खर्च गर्न सक्ने व्यवस्था मिलाइएको छ । यस आ.व.मा एकल महिला सुरक्षा कोषबाट रु. ७८ लाख ७५ जिल्लामा परिचालन गरिएको छ ।

**३.४ ज्येष्ठ नागरिक कल्याण कोष** **रु. ७५,९७,७८७।–**

ज्येष्ठ नागरिक कल्याण कोषमा विगतदेखि रु ३२,४५,०००।- जम्मा भई रहेको छ । हाल यो कोष परिचालन गर्न खर्च गर्नेसम्बन्धी प्रक्रिया मापदण्ड, २०७२ स्वीकृत गरी लागु गरिएको छ ।

**३.५ पुनस्थापना कोष** **रु. १,७२,६३,९७०।–**

पुनस्थापना कोषको रकम मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूका लागि पुनस्थापना केन्द्रबाट सेवा प्रदान गर्न उनीहरूलाई घरपरिवार तथा समुदायमा पुनस्थापना गर्ने कार्यका लागि रकम परिचालन हुने गर्दछ । यस कोषको रकम औषधि उपचार, उद्धार, पारिवारिक पुनर्मिलन, कानुनी उपचार, शिक्षा, प्रशिक्षण तथा सीपमूलक तालिम, जीविकोपार्जन अनुदान, भोजन, लत्ताकपडा, व्यवस्थापन खर्च, मालसामान, मनोविमर्श आदि कार्यमा खर्च गर्न सक्ने गरी पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७२ (पहिलो संशोधन) मा व्यवस्था गरिएको छ ।

## ३.६ बेरुजु र फछ्र्योट

आ.व. २०७१/७२ सम्मको रु. ४१ करोड २५ लाख ०५ हजार बाँकी रहेकोमा आ.व. २०७३/०७४ मा रु. ३३ करोड ९६ लाख २१ हजार फछ्र्योट भई रु. ७ करोड २८ लाख ८४ हजार बाँकी रहेको छ । आ.व. २०७२/०७३ को लेखापरीक्षणबाट वेरुजु अङ्क थप रु. ३१ करोड ३९ लाख १५ हजार भई जम्मा रु. ३८ करोड ६७ लाख ९९ हजार कुल वेरुजु अङ्क कायम भएको छ । आ.व. २०७१/०७२ सम्मको वेरुजु फछ्र्योट प्रतिशत ८२.३३ रहेको छ ।

# भौतिक स्रोत तथा सवारी साधन

## ४.१ भवन

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नयाँ भवन निर्माण संपन्न भएको छ । महिला तथा बालबालिका विभागको आफ्नो भवन रहेको छ । ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयहरूमध्ये जम्मा २९ वटा (डोटी, कालिकोट, पर्वत, कास्की, धादिङ, सिन्धुपाल्चोक, उदयपुर, बाँके, सुर्खेत, बाग्लुङ, संखुवासभा, मोरङ, मकवानपुर, ताप्लेजुङ, ओखलढुङ्गा, दोलखा, म्याग्दी, अर्घाखाँची, अछाम, खोटाङ, सोलुखुम्बु, बैतडी, गोरखा, प्युठान, नवलपरासी, पाल्पा, रुकुम, जुम्ला र रुपन्देही) कार्यालयको आफ्नो भवन रहेको छ । १० वटा जिल्ला (तनहूँ, रसुवा, चितवन, गुल्मी, बर्दिया, दैलेख, इलाम, झापा, धनकुटा र कपिलवस्तु) मा कार्यालय भबन निर्माणकै चरणमा रहेका छन्। २ जिल्लाः लमजुङ र स्याङ्जामा भवन निर्माण प्रारम्भ गरिएको छ । यस्तै केन्द्रीय बालकल्याण समितिको भवन पनि हरिहरभवन परिसरमा निर्माण प्रारम्भ भएको छ । राष्ट्रिय महिला आयोगले हालसम्म भाडाकै घरबाट कार्यसम्पादन गरिरहेको छ ।

## ४.२ सबारी साधन

मन्त्रालयमा १५ वटा चारपांग्रे मोटर तथा २७ वटा मोटरसाइकल/स्कुटर रहेका छन् भने महिला तथा बालबालिका विभागमा ५ वटा चारपांग्रे मोटर र १० वटा मोटरसाइकल/स्कुटर रहेका छन् । मन्त्रालय र विभागका अतिरिक्त झापा, मोरङ्, सुनसरी, ओखलढुंगा, सिराहा, सप्तरी, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, धनुषा, बारा, पर्सा रौतहट, मकवानपुर, चितवन, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर, काठमाडौं, रसुवा, नुवाकोट, धादिङ, गोरखा, कास्की, नवलपरासी, रुपन्देही, दाङ, बाँके, सुर्खेत, कैलाली, गरी ३२ जिल्लामा चारपाङ्ग्रे सवारी रहेका छन् । अन्य मोटर बाटो पुगेका जिल्लाहरूमा मोटर साइकल/स्कुटरको व्यवस्था छ ।

# अध्ययन प्रतिवेदन

यस आ.व. मा कमलरी कार्यक्रमको प्रभावकारीता अध्ययन तथा महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययन गरी प्रतिवेदन तयार भएको छ । सोको विस्तृत विवरण निम्न बमोजिम छ :

### (क) कमलरी कार्यक्रमको प्रभावकारीता अध्ययन सम्बन्धी प्रतिवेदन

## कार्य संक्षेप

नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयअन्तर्गत गरिएको यो अध्ययनले सरकारले सञ्चालन गरेको मुक्त कमलरी समूह गठन कार्यक्रमको प्रभावकारितालाई मापन गरेको छ । उक्त कार्यक्रमको प्रभावकारिता र गुणस्तर मूल्याङ्कन गरी सोको जानकारी प्रस्तुत गर्नु नै यो अध्ययनको मुख्य लक्ष्य हो । यस अध्ययनमा Cresswel (2011) को The Convergent Parallel Mixed Method प्रयोग गरी परिमाणात्मक र गुणात्मक अध्ययनलाई क्रमबद्धरूपमा विश्लेषण गरिएको छ।

यस कार्यक्रममा आबद्ध हुनेहरूको मात्रालाई अध्ययन गर्दा वि. सं. २०६० देखि आबद्ध हुनेहरूको क्रम बढ्दो मात्रामा पाइयो भने २०६५ सालमा ३५ प्रतिशतबाट घटेर १४ प्रतिशतमा झरेको पाइयो। फेरि २०६७ सालदेखि २०७३ सालसम्म संलग्नतामा कुनै उतार चढाव देखिएन । मन्त्रालयबाट सञ्चालित कार्यक्रमहरू समूह गठन र बचत परिचालन, अनुशिक्षण, सीपमूलक तालिम, व्यवसाय सञ्चालन सहयोग र अन्यमध्ये सबैभन्दा धेरै व्यक्तिहरूको सहभागिता सीपमूलक तालिममा भएको पाइयो भने अनुशिक्षणमा कम सहभागिता भए तापनि सहभागीहरू अनुशिक्षण कार्यक्रमबाट बढी मात्रामा लाभान्वित भएको पाइयो । उता समूह बचत परिचालनमा सहभागी हुनेहरूले ऋण रकमलाई बढी मात्रामा आफ्नो परिवारको स्वास्थ्य उपचारमा, पशुभाउ खरिद गर्नमा र उद्यम व्यवसायमा प्रयोग गरेको पाइयो । मुक्त कमलरी समूहमा आबद्ध भएपछि उनीहरूको क्षमतामा आएको परिवर्तनलाई अध्ययन गर्दा पारिवारिक विषयहरूमा स्वयं निर्णय लिन सक्ने र शिक्षा हासिल गर्ने कुरामा निकै परिवर्तन भएको देखियो । सहभागीहरूसँगको अन्तरक्रियाबाट पनि कार्यक्रम प्रभावकारी भएको पुष्टि भयो । शिक्षामा बढी जोड दिनुपर्ने र आगामी कार्यक्रमहरू कार्यक्रम कार्यक्रमका लागि मात्र नभई गुणस्तरीय जीवनका लागि हुनुपर्ने र दिगोपनमा जोड दिने खालका हुनुपर्ने यस अध्ययनबाट देखिन आएको छ ।

## Introduction

This report is concerned with the Freed Kamalari Program launched by the Government of Nepal, Ministry of Women, Children and Social Welfare. The study mainly focused on the effectiveness of the program (Freed Kamalari Program) implemented in six different districts. The data were collected from the Tharu community in Bardiya District. The respondents were involved in various activities such as Group Formation and Saving Mobilization, Tutorial Program, Skill Development Training, and Business Formulation Training under the Freed Kamalari Program. This report mainly highlighted the impact of the program among the respondents and their engagement in various activities afterwards.

The mixed method design was used to analyze the data. Results from the survey design were integrated with the information from the interactions amongst the freed Kamalaris, representatives from NGOs, INGOs, and schools. The Key Informant Interview (KII) was also conducted along with the survey.

This study was also concerned about the significant achievements found in respondents, thereby discussing the effectiveness of the program. The aim of this study was to share the information, and provide suggestions for further improvement.

## Methods

The convergent parallel mixed method design (Creswell, 2011) was used to analyze the numeric and informatics data in this study. Simultaneously, the qualitative data was used to understand the perception of the participants. Creswell (2011) states, "The purpose of the convergent mixed method design is to simultaneously collet both quantitative and qualitative data, merge the data, and use the results to understand a research problem." Descriptive statistics were used for the analysis of the quantitative data. Statistical Package for Social Science (SPSS) was used to analyze the survey data in quantitative method. The data obtained from the Focus Group Discussion (FGD) was conducted, the findings of which are given in the later part of the report.

## Sample of the Study

The participants were taken from Bardiya District. The sample site covered both municipality and villages of Bardiya District where Kamalaris reside. Tharu community (N=17) and Chaudhari community (N=1) were surveyed for this study and all respondents were females. Focus Group Discussion (FGD) was conducted amongst (N=40) stakeholders of Freed Kamalari. The participants were the representatives from NGOs, INGOs, women development officers together with the freed Kamalaris.

## Data Presentation

The SPSS software was used to present the distribution tables, charts, bar diagrams, and pie charts. The textual data were transcribed and coded after listening the audio recording of the FGD. Findings from the both types of data were merged and presented thematically. The intent of this research was to evaluate the effectiveness of the Freed Kamalari Program. The overall effectiveness is presented in the following themes:

i. Association with Freed Kamalari Program,
ii. Involvement in Powered Program,
iii. Benefit from the Program to Account for,
iv. Role of Group Formation and Saving Mobilization,
v. Change in Efficacy after the involvement in Freed Kamalari Program, and
vi. Perception towards Freed Kamalari Program.

## Association with Freed Kamalari Program

The interest of Kamalaris involving in the Freed Kamalari Program is increasing to some extent. This is one of the benefits of the program, and it showed an impact in Kamalari communities.




*Figure 1: Involvement in Freed Kamlari Program by Years*

From the given area chart, the involvement of Kamalaris in Freed Kamalari Program is increased to some extent. The range of involvement in such program is from 2060 BS to 2073 BS. In this range, at the beginning year, only 7.1 % respondents took part and the involvement is increased by around three times (21.4%) in very next year 2063 BS. The interest of association with Freed Kamalari program is seen highest (35.7%) in 2064 BS but the enrollment dramatically slows down up to 2067 BS and steadfast from that year to 2073 BS. One of the participants said, '*In total, around 17 hundred Kamalaris are in Bardiya'*. Some of them are getting training and some of them don't known about the activities going on.

### Involvement in Power Program

Some of the participants were involved in technical training (JTA), skilled training, educational program, group formulation program, and business promotional training.




*Figure 2: Bar Chart of Participants in Different Training Programs*

The bar diagram above shows that the power program for freed Kamalaris includes group formation and saving mobilization, tutorial program, skill training, business formulation, and training in others are only providing by the different social welfare organization and Nepal Government. The other types of training program like technical program, cutting and sewing training are imparted to the freed Kamalaris but the funding for such programs are managed by INGOs and NGOs (field notes).

Enrollment in different programs is portrayed by the bar chart. The high number of Kamalaris (77.80%) involvement is found in skill training. The skill training was followed by group formation and saving mobilization program (62.50%). Business formulation is another training program in which 42.90 % of Kamalaris involved. The highly sound of necessities for freed Kamalaris program from the FGD is Educational program where only 37.50% respondents were found. It seems that there is no involvement (0%) of respondents in other types of training.

## Benefit from the Program

Kamalaris have got various benefits in different aspects through the program conducted by the Ministry of Women, Children and Social Welfare and others social welfare organizations. Out of the participants in the power program, some Kamalaris are found to have been directly benefited. The benefited participants have been able to establish their careers in different entrepreneurship activities. The following table presented the benefited Kamalaris in percentage frequency distribution.

**Table 1**

***Frequency of Benefited Kamalaris from Power Programs***

| Trainings /Programs | Benefited (in Percentage) |
|---|---|
| Group Formation & saving Mobilization | 10% |
| Tutorial Program | 45% |
| Skilled Training | 20% |
| Business Formulation | 15% |
| Training in Others | - |

From the table 1, it is seen that a good number of participants (45%) in Freed Kamalari program is found in educational sector that are involved in tutorial programs which is followed by skilled training (20%). The comparative study of involvement in power program and benefited by this program shows that few participants amongst these Freed Kamalari program were involved in tutorial program but high volume of outputs are benefited than others training program.

## Role of Group Formation and Saving Mobilization

This program is found as one of the significant programs amongst the freed Kamalaris in Bardiya. The Kamalaris have collected some funds from the associated organizations. Some of the Kamalaris who have better settlement than others have saved money in the organization and mobilized the saving. In total, 62.50% respondents are found to have been involved in group formation and saving mobilization program. Out of these, only 10% participants were benefited from the survey result. They took some funds as a loan and used in different household activities like: family health, pet farming, education, social work, home and land purchase, business, and miscellaneous. They used the loan equally in their family health, pet farming, and their business (22.2%). The loan figure was used in social work, and home and land purchase by 17.6% and 16.7% respectively. 11.1 % of the loan figure covers the space for educational expenses. It is seen that the group formation and saving mobilization support in their economical load.




*Figure 3: Pie Chart of Loan Mobilization*

## Change in Efficacy after the involvement in Freed Kamalari Program

One of the crux parts of this report is to scrutinize the changes in efficacy after the involvement in freed Kamalari program. The respondents who were involved in this study explored that the program helped them

in decision making. Altogether 12-change facets wereused for the sample study to analysis their change in efficacy through the Freed Kamalari Program.

Self-decision making related to family issues, social groups, local organizations, health issues, buying and selling in the market, buying and selling of fixed properties, daily household chores, buying and selling livestock, family health, education, social customs, and politics were taken as change facets.

Table 2 presents the changes found. In self-decision making in family matter; it is found that 73.7 respondents were changed and 10. 5 respondents were found not to have been changed. But, 15.8% respondents did not respond the questionnaire. In the same way the others facets were presented in Table 2.

Table 2

*Change in Efficacy of Respondents after the Freed Kamalari Program*

| S.N. | Change Facets | Found Change % | Found No Change % |
|---|---|---|---|
| 1 | Self Decision Making in Family Matters | 73.7 | 10.5 |
| 2 | Make Decision in Social Group | 47.4 | 26.3 |
| 3 | Make Decision in Local Organization | 36.8 | 31.6 |
| 4 | About Breeding Health | 63.2 | 10.5 |
| 5 | Buy and Sell in Market | 47.4 | 21.1 |
| 6 | Buy and Sell of Fixed Properties | 42.1 | 26.3 |
| 7 | Daily Household Work | 52.6 | 10.5 |
| 8 | Buy and Sell in Livestock | 42.1 | 26.6 |
| 9 | Family Health | 63.2 | - |
| 10 | Education | 73.7 | - |
| 11 | Social Customs | 63.2 | - |
| 12 | Making Decision to Involve in Politics | 21.1 | 36.8 |

The freed Kamalari program is seen more effective in self decision making in family matter and education equally found that, 73.7 % of respondents are able to change their efficacy after the freed Kamalari program. Equally found change (63.2% respondents) in breeding health, family health, and social custom.

The interesting result found that 36.8% respondents do not change in their making decision to involve in politics, which is greater than found in change percentage. A great number of people could not find any change in the involvement in the decision-making process in politics.

## Perception towards Freed Kamalari Program

To what extent Kamalaris have perceived the Freed Kamalari Program as useful and effectiveness is analyzed under the perceptions towards freed Kamalari program. Three indicators are used to examine their perceptions: usefulness, effectiveness, and satisfaction. The level of usefulness, effectiveness, and satisfaction is collected through 5 Likert-point scale in Table 3.

Table 3

*Level of Acceptance of Freed Kamalari Program*

| Level | Responses in % | Median | Mean | SD |
|---|---|---|---|---|
| **Usefulness of Skill Development Training in Enhancing Efficacy** | | | | |
| More Useful | 20 | 3 | 2.8 | 1.54 |
| Useful | 10 | | | |
| Neutral | 30 | | | |
| Less Useful | 10 | | | |
| Unusable | 30 | | | |
| **Effectiveness of Educational & Skill training** | | | | |
| Level | Responses in % | | | |
| More Effective | 20 | 4 | 3.47 | 1.24 |
| Effective | 33.33 | | | |
| Neutral | 32.34 | | | |
| Less Effective | 1 | | | |
| Ineffective | 13.33 | | | |
| **Effectiveness of Freed Kamalari Program in Quality Life Style** | | | | |
| Level | Responses in % | | | |
| More Effective | 20 | 4 | 3.6 | 1.05 |
| Effective | 33.33 | | | |
| Neutral | 40 | | | |
| Less Effective | 0 | | | |
| Ineffective | 6.67 | | | |
| **Satisfaction for Target Group Selection for Program Participations** | | | | |
| Level | Responses in % | | | |
| More Satisfy | 16.67 | 3 | 3.25 | 1.13 |
| Satisfy | 16.67 | | | |
| Neutral | 50 | | | |
| Less Satisfy | 8.33 | | | |
| Unsatisfied | 8.33 | | | |

As from the table 3, more respondents (30%) believed that Skill Development Training in enhancing efficacy is not in use for them, with the same figure at a neutral point. Some respondents (20%) feel that it is more useful and 10% of the respondents feel it is just useful. Over all, half of the respondents (MD = 3) believed that the skill development training program is useful for them but their average perception (M = 2.8, SD = 1.54) indicates low positive attitude towards usefulness of the skill training program.

While talking about the Effectiveness of Educational & Skill training program, high number of respondents (33.33%) believed on effective and 20% are added on more effective. Around 32. 33 % of respondents are in neutral point. It seems that, 50 % of the respondents have highly positive attitude (MD = 4) towards

effectiveness of educational and skill training program. However, their average perception (M= 3.47; SD = 1.24) is highly positive too.

More respondents (40%) believed that effectiveness of the Freed Kamalari Program in Quality Life Style seemed at a neutral point. Some respondents (20%) find it more effective and 33.33 % of the respondents find it just effective. Over all, half of the respondents (MD = 4) believed that the freed Kamalari program enhanced the quality life style. Their average perceptions (M = 3.6; SD = 1.05) towards the effectiveness of the Freed Kamalari Program in terms of enhancing the quality life style is positive.

While talking about the Satisfaction for Target Group Selection for Program Participations, high number of respondents (50%) are in neutral point. Equal number of respondents (16.67%) believed on Satisfaction for Target Group Selection for Program Participations. It seems that 50% of the respondents are above the neutral point and half of them are (MD = 3) less than neutral level. Whatever the percentage is, their average perception (M= 3.25; SD = 1.33) is positive.

## Sustainability Matters for Quality Life

The result from the quantitative method is integrated with the qualitative method in this section. The overall audio data were transcribed at first, and coded them into the theme. The common theme from the respondents was used to evaluate the quantitative results too. Drawing on the transcribed data, it was concluded that the participants in the Focus Group Discussion (FGD) had the same responses regarding the Freed Kamalari Program as the survey findings.

All of the respondents had the same voice: "*Launching the program is not enough; it should get continuity for quality life."* One of the respondents shared her experience from the women development section that the amount of loan which they are receiving and the funding which they are collecting has really "changed the quality of life." One of the speakers from the Tharu community, currently working in an NGO, shared his experience as,

> My mother was a Kamalari. She received some funds from such entities and she invested that money in my education. I completed my Bachelor’s degree and came to this level. Nobody can request me to work as Kamalari in my community. I have been able to live a quality life due to the different Kamalari programs. Without the help of the Ministry of Women, Children and Social Welfare, I would not have been in this level of empowerment.
>
> He continued,

*Science and technology come ahead before development of their thinking level, it can be dangerous for them.* He also added more on future training programs like child marriagetoo.

We can trace that from 2067 BS to 2073 BS, there is a very low and constant enrollment in freed Kamalari training program. One of the participants said, ‘*In total, around 17 hundred Kamalaries are in Bardiya* some of them are getting training and some of them don’t know about what activities are going on. Some of the Kamalaris are getting funds for their education and they have used the fund for their quality life.

# Conclusions

In conclusion, the Freed Kamalari program initiated by the Ministry of Women, Children and Social Welfare has helped the Kamalaris to improve the quality of their lives. Many participants are benefitted through the free Kamalari training program in their business and professional development. With some exceptions, the program has proved effective.

**Recommendations**

- There are significant achievements gained from the the Freed Kamalari Program. Many of the participants are not engaged in the programs, resulting in the problem in their quality life. To address this issue, local communities or individuals should be mobilized to give information about the program.
- Despite the high involvement (77.80%) in skill training program, only 20% participants have been benefited. A separate Skilled Development Program should be conducted for the participants who were involved in the skill training program. The additional Skill Development Program may provide them with ideas about how and where they can use their knowledge and skills they have learnt.
- A separate tutorial training program should be conducted, ensuring high involvement in the tutorial program.
- 22.2% of participants in loan mobilization training program are highly contributing in health sector, pet farming, and business. To improve their business, the respective organizations can launch an entrepreneurship-training program for Kamalaris.
- Making self-decision is most important part of quality life and they are taking self-decision in some cases, which is a positive aspect. A series of talk programs may lead to enhance reliance on their self-decision. This kind of talk program should be conducted to strengthen their community.
- Despite the government efforts, there is still a section of Kamalaris who are not satisfied with the program. A survey should be conducted, involving various stakeholders and community members so as explore the reasons behind the dissatisfaction and measures to address the weaknesses.
- As per the suggestions from the stakeholders, further programs should be designed and implemented so as to cope with the changing need of time.
- In order to make an informed decision regarding the sustainability of the programs, the three-fold approach should be used: (1) The programs should get continuity, with more intensity and rigor, (2) the participatory evaluation should be conducted annually and stakeholders' and beneficiaries' concerns and feedbacks should be addressed, and (3) The budget allocated for the programs should be scaled up.
- If a Kamalari gets some funds from any organization but she gets married, then she will become Kamalari again. The main problem remains unsolved. So, the parallel training program on education and skilled development for Kamalari are essential to enhance the quality life style.

## Reference


Creswell, J. W. (1999). Mixed-method research: Introduction and application. *Handbook of educational policy*, 455-472.

Östlund, U., Kidd, L., Wengström, Y., & Rowa-Dewar, N. (2011). Combining qualitative and quantitative research within mixed method research designs: a methodological review. *International journal of nursing studies*, *48*(3), 369-383.

Attride-Stirling, J. (2001). Thematic networks: an analytic tool for qualitative research. *Qualitative research*, *1*(3), 385-405. http://dwd.gov.np/en/download/2


# Annex 1

# Information About the Freed Kamalari Program and Involvement of Respondents

Table

*Involvement in Program through Information*

| | Did you Inform? | | Total |
|---|---|---|---|
| | Informed | Do not Informed | |
| Involved in Program | 66% | - | 66% |
| Do not Involved in Program | 11% | 23% | 34% |
| Total | 77% | 23% | 100% |

### (ख) महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययन

# अध्ययनको सार

प्रस्तुत अध्ययनको शीर्षक "महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययन" हो । यस अध्ययनको मूल उद्देश्य महिलाको सामाजिक, आर्थिक तथा वैयक्तिक विकासका लागि सञ्चालित कार्यक्रमहरूको जानकारी लिने, महिला विकास कार्यक्रममा दलित जनजाति महिलाको सहभागिताको स्थितिको विश्लेषण गर्ने र महिला विकास कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्ने रहेको छ ।

यस अध्ययनको अध्ययन क्षेत्र बझाङ, रामेछाप र नवलपरासी जिल्ला हुन् । जिल्लाहरूको छनोट गर्दा तीनवटै भौगोलिक क्षेत्रको प्रतिनधित्व हुने गरी हिमाली प्रदेशबाट बझाङ, पहाडी प्रदेशबाट रामेछाप तथा तराईबाट नवलपरासी जिल्लालाई छनोट गरिएको छ । जिल्लाको छनोट गर्दा सङ्घीय प्रदेशलाई समेत पनि ध्यान पुर्‍याइएको छ । जसमा ३ नं प्रदेशको रामेछाप, ४ नं प्रदेशको नवलपरासी र ७ नं प्रदेशको बझाङ रहेका छन् । संम्भावनायुक्त नमुना छनोट विधिको आधारमा नमुना छनोट गरिएका जिल्लामा महिला विकास कार्यक्रम लागु भएका महिला समूह/समिति/संस्थाहरू मध्येबाट ४ वटा महिला समूह/समिति/संस्थाको छनोट गरिएको छ । नमुना छनोटमा परेका जिल्लामा कार्यरत महिला विकास अधिकृत १ जना, ४ वटा महिला समूह/समिति/संस्थाका अध्यक्ष वा उपाध्यक्ष ४ जना, महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति महिलाहरू एउटा समूह/समिति/संस्थाबाट ३ जनाका दरले १२ जना, महिला विकास कार्यक्रममा सहभागी अन्य महिलाहरू एउटा समूह/समिति/संस्थाबाट ३ जनाका दरले १२ जना तथा समूह/समिति/संस्थाको वरिपरि रहेका तर महिला विकास कार्यक्रममा सहभागी नभएका दलित जनजाति महिलाहरू एउटा समूह/समिति/संस्थाको वरिपरिबाट ३ जनाका दरले १२ जनाको छनोट गरिएको छ । नमुना छनोटमा परेकाहरूको अन्तर्वार्ता लिने तथा लक्षित समूह छलफल गरिएको छ । यसै गरी समूह/समिति/संस्थाको वरिपरिरहेका १० वटा घरधुरी सर्वेक्षण गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसैगरी पत्रपत्रिका, प्रतिवेदन, जनर्ल, पुस्तकहरू, अप्रकाशित शोध, अध्ययनहरू तथा website बाट द्वितीयक तथ्याङ्कको सङ्कलन गरिएको छ ।

यस अध्ययनमा सङ्ख्यात्मक तथा गुणात्मक प्रकृतिका तथ्याङ्कहरूको प्रयोग गरिएको र तथ्याङ्कहरूलाई व्याख्यात्मक एवं विश्लेशषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको भएको हुँदा अन्तर्वार्ता, समूह छलफल तथा घरधुरी सर्वेक्षण गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनको मुख्य प्राप्तिहरूमा महिला विकास कार्यक्रम सञ्चालन गर्न गठन भएका महिला समूह/समिति/संस्थाहरूको सङ्ख्या तथा महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक शसक्तीकरणका लागि गरिने कार्यक्रमहरूको प्रकार जिल्ला अनुसार फरकफरक रहेको, जिल्लामा रहेको दलित

जनजाति महिलाहरूको कुल जनसङ्ख्यामध्ये बझाङ जिल्लामा ४६.५९ प्रतिशत रामेछाप जिल्लामा २४.२६ प्रतिशत र नवलपरासी जिल्लामा २२.५३ प्रतिशत दलित जनजाति महिलाहरू मात्र महिला विकास कार्यक्रममा सहभागी भएका थिए । त्यसैगरी महिला विकास कार्यक्रममा सहभागी भएका महिलाहरूमध्ये बझाङ जिल्लामा २१.८४ प्रतिशत दलित जनजाति महिला र ७८.१६ प्रतिशत अन्य समुदायका महिला रहेको पाइयो । त्यस्तै रामेछाप जिल्लामा दलित जनजाति महिला ५४.८५ प्रतिशत र अन्य महिला ४५.१५ प्रतिशत तथा नवलपरासी जिल्लामा ३२.१२ प्रतिशत दलित जनजाति महिला र ६७.८८ प्रतिशत अन्य महिला रहेका छन् । दलित जनजाति महिलाहरूको तुलनामा समुदायमा रहेका अन्य समुदायका महिलाहरूको सहभागिता धेरै रहेको, महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति महिलाहरूमध्ये निरक्षर वा लेखपढ गर्न नसक्ने ४७.२४ प्रतिशत, सामान्य लेखपढ गर्न सक्ने ३३.३३ प्रतिशत, कक्षा १० सम्म पढेका १३.८८ प्रतिशत र एस.एल.सी.. वा सो भन्दा माथिको शैक्षिक योगयता भएका ५.५५ प्रतिशत रहेको पाइयो । यसरी महिला विकास कार्यक्रममा सहभागी भएका अधिकांश दलित जनजाति महिलाहरू निरक्षर रहेको पाइयो । महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति महिलाहरूमध्ये १९.४४ प्रतिशत ३०-४० वर्ष उमेर समूहका, ३०.५५ प्रतिशत ४०-५० वर्ष उमेर समूहका, ४१.६६ प्रतिशत ५०-६० वर्ष उमेर समूहका र ८.३३ प्रतिशत ६० भन्दा माथिका उमेर समूहका रहेका पाइयो । महिला समूह/समिति/संस्थाको गठन गर्दा केही समावेशी बनाउने प्रयास भए तापनि दलित तथा जनजाति महिलाहरूको उल्लेखनीय सहभागिता हुन सकेको पाइएन । समूह/समिति/संस्थाको प्रमुख पदमा दलित जनजाति महिलाहरू पुग्न सकेका पाइएन । महिला विकास कार्यक्रम सबै समुदायको पहुँचमा पुग्न नसकेको र पुगेको ठाँउमा पनि समूहमा आबद्ध गराउने सन्दर्भमा माथिल्लो निकायबाट खासै प्रयास भएको पाइँदैन। अशिक्षा र समुदायमा अझै पनि व्याप्त रहेको परम्परागत सोच एवं संस्कारका कारण कतिपय दलित जनजाति महिलाहरू चाहेर पनि समूह/समिति/संस्थामा आबद्ध हुन नसकेको पाइयो । महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणको क्षेत्रमा थोरै भए पनि परिर्वतन आएको पाइयो । अन्य समुदायका महिलाहरूको तुलनामा दलित जनजाति महिलाहरूको सहभागिता तथा उनीहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक स्थिति कमजोर रहेको पाइयो ।

समुदायमा रहेका सामाजिक, आर्थिक तथा वैयक्तिकरूपमा विपन्न वर्गका सबै महिलाहरूसम्म पुग्ने गरी महिला विकास कार्यक्रमलाई विस्तार गर्नुपर्ने, महिला विकासका लागि सञ्चालन भएका विभिन्न कार्यक्रमहरूमा दलित तथा जनजाति महिलाहरूको बढी भन्दा बढी सहभागिता गराउनको लागि सर्वप्रथम महिला शिक्षा कार्यक्रम वा महिला सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । त्यसको लागि महिला विकास कार्यक्रमअन्तर्गत महिला शिक्षा, प्रौढ शिक्षा जस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने, दलित तथा जनजाति महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणका लागि उनीहरूको आवश्यकता अनुसार छुट्टै कार्यक्रमको व्यवथा गर्नुपर्ने र महिला समूह, समिति वा संस्थाको गठन गर्दा प्रमुख या उपप्रमुख पदमा अनिवार्यरूपमा दलित जनजाति महिला हुनुपर्ने व्यवस्था महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शनमा नै गरिनु पर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरिएको छ।

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सबै मानव एकै हुन् भनिए तापनि नेपाली समाजमा त्यो कुरा अझै लागु हुन सकेको पाइँदैन । बहुजातीय नेपाली समाजमा जातीय विभेद अझै पनि कायम रहेको पाइन्छ । विगतको तुलनामा नेपाली समाजमा केही परिर्वतन आए तापनि पूर्णरूपमा विभेदमुक्त नेपाली समाजको निर्माण हुन सकेको पाइँदैन । नेपाली समाजमा अझै पनि जातीय विभेदले जरो गाडेर बसेको छ । समुदायमा दलित जनजाति महिलाहरूप्रति गरिने व्यवहारमा सामान्य परिर्वतन आएको भए तापनि अदृश्यरूपमा जातीय विभेद कायमै रहेको पाइन्छ । केही कुरामा समानता पाउन सकिए तापनि विभेदमुक्त समाजको निर्माण हुन सकेको छैन । महिला तथा बालबालिका विभागको महिला विकास कार्यक्रमले महिला सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । महिलाहरू सशक्त भए भने घरपरिवार सक्षम हुन्छ । घरपरिवार सक्षम हुनु भनेको समाज सक्षम हुनु हो र समाज सक्षम हुनु भनेको समग्रमा राष्ट्रको विकास हुनु हो । महिला सशक्तीकरणका माध्यमले, सामाजिक मूल्यमान्यतामा परिवर्तन हुन्छ र सम्पन्नताले गरिबीलाई पाखा लगाउँदछ । अरु थुप्रै परिलाभहरू पनि मिल्दछन् । कार्यक्रमको प्रत्यक्ष उद्देश्य भने महिलाको सशक्तीकरण नै हो । २०३८ सालमा महिला विकास शाखा खडा भएपछि कार्यक्रम पनि त्यही नै नामले चलाइयो । झन्डै साढे तीन दशकपछि महिला विकाससम्बन्धी कार्यक्रमहरू देशव्यापी भएका छन् । यी कार्यक्रममा १० लाख बढी महिला प्रत्यक्षतः सहभागी छन्।

राष्ट्रको उन्नतिका लागि त्यहाँका जनताका सामाजिक आर्थिक शैक्षिक अवस्थामा निर्भर रहने गर्दछ। विकास भन्नेवित्तिकै केवल भौतिक पक्ष मात्र नभई सामाजिक पक्ष पनि जोडिएर आउने गर्दछ । जब समाजमा रहेका विभिन्न समुदायका मानिसहरूको सामाजिक, आर्थिक स्थितिमा सुधार आउँछ विकासले स्वतः फड्को मार्ने गर्दछ । परिवर्तनका विभिन्न सूचकहरूमध्ये शैक्षिक सूचकलाई महत्त्वपूर्ण सूचकको रूपमा लिने गरिन्छ । नागरिकमा चेतनाको विकास हुन्छ त्यसले अन्य क्षेत्रको विकासमा पनि प्रभाव पार्ने गर्दछ ।नेपाली समाजमा विभिन्न समुदायका मानिसहरूको बसोवास रहेको छ । ती समुदायहरूको सामाजिक, आर्थिक शैक्षिक स्थितिमा विविधता छ ।नेपाली समाजमा पुरुष र महिलाहरूको बीचमा ठूलो खाडल रहेको छ । नेपाली महिलाहरूको साक्षरता दर पुरुषको तुलना न्यून रहेको छ । नेपाली महिलाहरूको आर्थिक अवस्था कमजोर छ ।अझै पनि कतिपय महिलाहरू पुरुषमा निर्भर रहनु परेको छ । अधिकांश महिलाहरू घरभित्रकै काममा सीमित रहेका छन् । यसरी पुरुषको तुलनामा महिलाहरू सामाजिक आर्थिक एवं वैयक्तिक रूपमा पछाडि रहेका छन् । महिला महिलाहरू बीचमा पनि विविधता रहेको छ । अन्य समुदायका महिलाहरूको तुलना दलित

जनजाति महिलाहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक स्थिति कमजोर रहेको कुरा विभिन्न समयमा प्रकाशन भएका प्रतिवेदनहरूले देखाउने गरेको छ । यिनै सामाजिक आर्थिक एवं वैयक्तिकरूपमा पछाडि परेका समुदायलाई लक्षित समूह भन्ने गरिन्छ । सामाजिकरूपमा विभेदित, आर्थिकरूपमा परनिर्भर र वैयक्तिकरूपमा कमजोर महिलाहरूलाई सशक्तीकरणका माध्यमबाट सामाजिक आर्थिक एवं वैयक्तिकरूपमा अगाडिलाई त्यस्ता महिलाहरूलाई लक्षित गरी विभिन्न प्रकार महिला विकास कार्यक्रम सञ्चालन भएका छन् । देशका ७५ वटै जिल्लामा यस्ता कार्यक्रमहरू सञ्चालित छन् ।

यसरी समुदायमा आर्थिक, सामाजिक एवं वैयक्तिकरूपमा पछाडि परेका महिलाहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको भए तापनि ती कार्यक्रमहरू खास लक्षित समुदायसँग पुग्न नसकेको कुरा बेला बेलामा बाहिर आइरहने गर्दछन् । यसै सन्दर्भमा महिलाहरूलाई लक्षित गरी सञ्चालन गरिएका महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिता के कस्तो रहेको छ भन्ने कुराको अध्ययन यहाँ गरिएको छ ।

## १.२ अध्ययनका उद्देश्यहरू

महिला विकास कार्यक्रममा दलित जनजातिको सहभागिताको अध्ययन गर्नु यस अध्ययनको साधारण उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) महिलाको सामाजिक, आर्थिक तथा वैयक्तिक विकासका लागि सञ्चालित कार्यक्रमहरूको जानकारी लिने ।

ख) महिला विकास कार्यक्रममा दलित जनजाति महिलाको सहभागिताको स्थितिको विश्लेषण गर्ने ।

ग) महिला विकास कार्यक्रमको प्रभावकारीताको लेखाजोखा गर्ने ।

## १.३ सन्दर्भ साहित्यको समीक्षा

अन्तर्राष्ट्रिय नारी वर्ष, १९७५ र सयुक्त राष्ट्र सङ्घीय दशक (१९७६-१९८५) ले विश्वव्यापीरूपमा महिलाहरूलाई विकासको मूल प्रवाहमा ल्याउने काम गरेको पाइन्छ । सन् १९७९ मा न्यूयोर्कमा महिलाविरुद्ध सबै प्रकारको हिंसा उन्मुलन गर्ने सम्बन्धी महासन्धि पारित गरेको र त्यसको प्रभाव नेपालमा पनि परेका कारण सन् १९७६-१९८१ को वीचमा नयाँ पहल र अध्ययनहरू सुरु भएको र छैटौं पञ्च वर्षीय योजना २०३७- ०४२ मा पहिलो पटक विकास कार्यमा महिलाहरूको सहभागिता प्रवद्धन गर्न नीति बनेको पाइन्छ ।

नेपालको कुल जनसङ्ख्यामा ५१.५३ प्रतिशतमा रहेका महिलाको सामाजिक, आर्थिक अवस्था र आवश्यकता विभिन्न किसिमका रहेका छन् । आधाभन्दा बढी जनसङ्ख्या रहे पनि शैक्षिक र चेतनाको स्तर कम रहेकाले पिछडिएका विपन्न महिलाहरूलाई चेतना जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, सामाजिक एवं राजनीतिक मूल प्रवाहीकरण गर्नु महिला विकास कार्यक्रमको मुख्य ध्येय हो । ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रमको रूपमा

आर्थिक वर्ष २०३९/४० मा सुरु भएको महिला विकास अभियान कार्यक्रमहरू अहिले ७५ वटै जिल्लामा लागु भएको छन् ।

महिला विकस कार्यक्रमले समतामा आधारित समुन्नत परिवार को परिकल्पना गरेको छ भने पिछडिएका र विपन्न महिलाहरूलाई चेतना जागरण क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, सामाजिक एवं राजनीतिक मूलप्रवाहीकरण गरी समतामूलकरूपले पारिवारिक जीवनस्तर अभिवृद्धि गर्ने तथा महिला वर्गको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्ने ध्यये राखेको छ । महिला विकास कार्यक्रमको मुख्य उद्देश्य यसप्रकार रहेका छः

- आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिकरूपमा पिछडिएका र अवसरबाट बञ्चित रहेका विपन्न महिलाहरूको विकासको लागि चरणवद्ध रूपमा चेतना जागरण, क्षमता विकास, एवं सामाजिक परिचालन गर्दै स्थानीयस्तरमा महिलाहरूको क्षमता सक्षम र आत्मनिर्भर, सामुदायिक संस्थाहरूको विकास तथा प्रवद्धन गर्ने र त्यसका लागि सहकार्यको अवधारणलाई समेत प्राथमिकता दिने,
- महिला सशक्तीकरण गरी लैङ्गिक मूलप्रवाहीकरण गर्ने,
- सामाजिक कुरीति, चेलिबेटी बेचबिखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिलाविरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने,
- स्रोत, साधन र रोजगारीका अवसरमा महिला वर्गको पहुँच तथा समानुपातिक नियन्त्रण स्थापनाका लागि पहल तथा समन्वय गर्ने,
- लैङ्गिक मूलप्रवाहीकरणका क्षेत्रमा विशषेज्ञ सेवासमेत दिन सक्ने गरी Center of Excellence का रूपमा संस्थागत क्षमताको विकास गर्ने महिला वर्गको उन्नति तथा लैङ्गिक शासनप्रणालीका लागि सम्बन्धित संयन्त्रको क्षमता अभिवृद्धि योगदान समेत दिने रहेको छ ।

सशक्तीकरण शून्यतामा हुँदैन । त्यसका लागि कार्यकलाप चाहिन्छ । कार्यकलापमा आधारित सशक्तीकरणमा गर्न सक्ने र साथै गरेर सिक्ने प्रक्रियाहरू हुन्छन् । कार्यक्रमको पहुँचका कैयौं विशेषता पहिल्याउन सकिन्छ । शैक्षिक सशक्तीकरण कार्यक्रमअन्तर्गत सहभागीहरू जीवनपर्यन्त सिकाइको प्रक्रियामा भर्ना भएझैं मानिन्छन् । अनेक प्रकारका विषयहरू, जसमध्ये केही सबैलाई अनिवार्य उपायद्वारा पनि सिकाइका अवसर सिर्जना गरिन्छन् । सङ्गठित सशक्तीकरण व्यक्तिको त हुन्छ तर प्रक्रिया व्यक्तिगत हुँदैन । सामाजिक-आर्थिक सशक्तीकरणलाई सशक्तीकरणका सामाजिक-आर्थिक पक्षहरूसँगसँगै राखिन्छ । सशक्तीकरणका तीनवटा कार्यमूलक बुँदालाई तल प्रस्तुत गरिएको छः-

- सामाजिक भूमिका विस्तार गरेर दैनिक जीवन फेर,
- आर्थिक गतिविधि बढाएर अभावको घेराबाट निकास लेऊ र
- सङ्गठित कार्यकलापलाई बढवा दिएर विभेद विरोधी सामाजिक शक्ति सिर्जना गर ।

सहभागितामूलक समूह सदस्यहरूलाई सेवाका प्रापकको रूपमा होइन, सर्जकको रूपमा हेरिन्छ । सहभागिताको प्राथमिक मञ्च वडा तहमा खडा गरिन्छ, जहाँ त्यस क्षेत्रका सारा समूह सदस्य

प्रत्येक महिना जम्मा हुनुपर्दछ । आफूलाई व्यक्त गर्नुहोस्, अर्काका कुरा सुन्नुहोस्, मुद्दामा आफ्नो पक्षबाट अनि अर्काको पक्षबाट पनि हेर्नुहोस्, सम्भावनाहरूको सर्वेक्षण गर्नुहोस् र आफ्नो परिप्रक्ष्य फराकिलो पार्नुहोस् । कार्यसूचीमा गर्ने खालका विषय त पर्ने नै भए । सशक्तीकरण प्रभावका अर्थमा भने ती सोच्ने खालका विषयभन्दा कम महत्त्वका हुन्छन् ।

**लक्षित समूह**

ग्रामीण क्षेत्रमा बसोवास गर्ने २० वर्षमाथिका महिलाहरूमा देहायको कुनै एक वा दुवै कारणले विपन्नता रहेको हुन्छः

- कहिल्यै विद्यालय नगएका वा गए तापनि प्रवेशिका परीक्षासम्म उत्तीर्ण गर्न नसकेका शैक्षिक रूपमा वञ्चित र
- आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्षदिन खान नपुग्ने परिवारका आर्थिकरूपमा बञ्चित ।

राष्ट्रिय जनगणना, २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा विभागीय कार्यक्रम पुग्नुपर्ने महिलाको सङ्ख्या ५१ लाख ९६ हजार हुन्छ । त्यसो त, यो मोटामोटी अनुमान हो । खास सङ्ख्या निकाल्न देहाय बमोजिम घटाउनु पर्ने हुन्छः-

- अर्काको उपज वा श्रममा आधारित व्यवसाय भएका र त्यसकारण सहकारी कार्यका प्रक्रियामा साँच्चिकै सहभागी हुन सक्तछन् भनेर अपेक्षा गर्न नसकिने महिलाहरू,
- समुदायका अरुहरूकोसँग बाझिने व्यक्तिगत महत्त्वकाङ्क्षा भएका महिलाहरू र
- आफ्नो स्वतन्त्र रोजाइले विभागको कार्यक्रममा सहभागी हुन नचाहने महिलाहरू ।

ठीक अङ्कमा पुग्न मुस्किल छ भन्ने त सहजै अनुमान हुन्छ । सम्भवतः २० प्रतिशतको व्यवस्था अवास्तविक हुनेछैन । यसरी लक्षित समूहको खास आकार ४९ लाख ५७ हजारको हाराहारीमा झर्दछ । सहभागी महिलाको वैयक्तिक, आर्थिक, सामाजिक सशक्तीकरणमा न्यूनतमस्तर देहायबमोजिम निर्धारण गरिएको छः-

- लैङ्गिक समताः छेकबारजन्य चलनको अवज्ञा, व्यावहारिक लैङ्गिक आवश्यकताको सम्बोधन, पारिवारिक एवं सामुदायिक सकारात्मक कार्य (Affirmative actions) ;
- प्रजनन स्वास्थ्यः प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान, समस्या बताउने अनि उपचार गराउने तत्परता, पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलता;
- जीवनोपयोगी शिक्षाः आफूलाई व्यक्त गर्ने, अर्काका कुराको परख गर्ने, निर्णय लिने आत्मविश्वास र
- पुगीसरी सम्पन्नताः वर्षौंभरि खान पुग्ने आयस्रोत, भइपरी आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत र विद्यालय तहसम्मको शैक्षिक एवं स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने ।

विकास परिर्वतनसँग सम्बन्धित रहेको हुन्छ । विकास भन्ने वित्तिकै भौतिक पक्षको मात्र नभई मानवीय

पक्षको कुरा पनि जोडिएर आएको हुन्छ । जब समुदायमा वा राज्यमा बसोबबास गर्ने मानिसहरूको सामाजिक, आर्थिक एवं शैक्षिक क्षेत्रमा परिर्वतन आउँछ तब विकासले स्वतः गति लिएको पाइन्छ। विकासमा महिलाको सहभागिता सन्दर्भमा विभिन्न दृष्टिकोणको प्रतिपादन भएको पाइन्छ । सन् १९७० को दशकमा अमेरिकी उदारवादी महिलाहरूले विकासमा महिला (Women in Development) भन्ने अवधारणाको प्रतिपादन गरेका थिए । यस अवधारणाले समस्त विकास कार्यक्रममा महिलाहरूको संलग्नतालाई जोड दिएको पाइन्छ । यसमा महिलाको लिङ्गीय भूमिका समाजका के कसरी विकास भएको छ भन्ने तथ्यलाई भन्दा पनि विकासको मूल प्रवाहबाट महिलाहरू वञ्चित भएको, महिला हक र अधिकार कुन्ठित भएको तथा महिला स्वतन्त्रताका सवालमा बाधा उत्पन्न भएको पक्षलाई यस अवधारणाले जोड दिएको छ । महिलाहरूको विद्यमान अवस्थामा सुधार ल्याउन महिलाहरूलाई विकास योजनाहरू समावेश गराउनु पर्ने, स्रोतहरूमा महिलाहरूको पहुँच बढाई महिला पुरुषबीच रहेका असमानता हटाई समानता आधारित समाज निर्माण गर्ने कुरालाई त्यस अवधारणा जोड दिएको छ । सन् १९७० को उत्तरार्द्धमा विकास र महिला (Women in Development) भन्ने अवधारणाको विकास भयो । यस अवधारणाले महिलाहरू घरपरिवार भित्रै र अन्य तह र तप्कामा पनि पुरुषहरूसँग बढी निर्भर रहनु पर्ने परिस्थिति सिर्जना भएको र विकासका प्रत्येक तह र प्रक्रियामा पुरुषसरह महिलाहरूको समान सहभागिता अभिवृद्धि गर्न महिलाहरूलाई समान अवसर, पहुँच, सहभागिता र समानता दिलाउन ठोस कार्यक्रम तर्जुमा गर्नुपर्नेमा यस अवधारणाले जोड दिएको छ । यस अवधारणाले विकास पुरुषसरह महिला सहभागितालाई जोड दिन्छ । सन् १९८० को दशकपछि सामाजिक लिङ्ग र विकास (Gender and Development) अवधारणा विकास भयो । समताउन्मुख (Equity Oriented) सिद्धान्तमा आधारित यस अवधारणाले लैङ्गिकतालाई जोड दिन्छ । विशेष गरी शिक्षा, स्वास्थ्य, अवसर, रोजगारी, आर्थिक उपार्जन र परिचालन तथा सामाजिक भूमिकामा महिला र पुरुषको समान पहुँच हुनुपर्ने कुरालाई यसले जोड दिन्छ (आचार्य, २०६५) । विकासका हरेक पक्षमा पुरुष सरह महिलाहरूको समान सहभागितालाई यस अवधारणाले जोड दिएको छ । यसरी विकासका हरेक चरणमा महिला र पुरुषको समान भूमिका हुने भएकाले महिलाहरूलाई सामाजिक आर्थिक एवं वैयक्तिक क्षेत्रमा पुरुषसरह अगाडि ल्याउनु पर्ने र त्यसको लागि महिलाहरूलाई सशक्तीकरणको खाँचो पर्ने कुरा माथि सिद्धान्तहरू जोड दिएका छन् ।

नेपालको संविधानले स्थानीय तहको स्थानीय कार्यपालिकाको गठन गर्दा समावेशीताको आधारमा गरिने व्यवस्था गरेको छ । गाँउ वा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख मध्ये एकमा महिला हुनुपर्ने, वडा सदस्यहरूमा १ जना दलित महिला तथा १ जना दनजाति महिला सदस्य अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै गरी गाँउ वा नगर उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्याक समिति गठन गरिने व्यवस्था गरेको छ । यसरी कानुन मै पनि दलित तथा जनजाति महिलाहरूलाई विशेष प्राथमिकता दिएको पाइन्छ । संविधानको भाग तीन मा मौलिक हक र कर्तव्यअन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक छुवाछुत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, दलितको हक, सामाजिक न्यायकको हक आदिको व्यवस्था गरेको छ । ती हकहरूमा पनि सामाजिक, आर्थिक दृष्टिले पिछडिएका महिला, दलित, जनजातिहरूको सशक्तीकरण र विकासमा जोड दिएको पाइन्छ । त्यसैगरी नेपालको संविधानको भाग २७ मा विभिन्न आयोगहरू गठन गर्ने व्यवस्था गरिएको छ ।

जसमा  महिलाहरूलाई विकासको मूलप्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासम्बन्धी कानुनको व्यवस्था गर्नको लागि महिला आयोग गठन गर्ने, छुवाछुत, उत्पीडन र विभेदको अन्त्य गरी  दलित समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न राष्ट्रिय दलित आयोग, समोवशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग गठन गरिने व्यवस्था गरेको छ (नेपालको संविधान, २०७२) ।

यसरी कानुनमा नै विभिन्न हक अधिकारको व्यवस्था तथा आयोगहरूको गठन गरी दलित तथा जनजातिहरूलाई विकासको मूलधारमा ल्याउने प्रयास गरेको पाइन्छ । दलित तथा जनजाति महिलाहरूलाई बाहिर ल्याउन र माथि उठाउन थप हौसला प्रदान गरेको छ । अझै पनि नेपालमा पुरुषको तुलनामा महिलाहरूको सामाजिक, आर्थिक एव वैयक्तिक स्थिति कमजोर रहेको पाइन्छ। महिलाहरूको सन्दर्भमा मात्र हेर्दा पनि अन्य समुदायका महिलाहरूको तुलनामा दतिल जनजाति महिलाहरूको स्थिति कमजोर रहेको पाइन्छ । केन्द्रीय तथ्याङ्क विभागको २०६८ सालको जनगणनाको तथ्याङ्कअनुसार नेपालमा पुरुषको तुलनामा महिलाको सङ्ख्या धेरै रहेको पाइन्छ । नेपालको कुल जनसङ्ख्यामा ५१.५३ प्रतिशत महिला रहेको पाइन्छ । १२५ जातजातिको बसोवास रहेको नेपाली समाजमा महिलाको सामाजिक, आर्थिक एवं वैयक्तिक स्थिति पनि समुदाय अनुसार फरकफरक रहेको पाइन्छ । नेपाली समाज अझै पनि जातीय विभेदबाट पूर्णरूपमा माथि उठ्न सकेको पाइँदैन ।

सामाजिक परिचालन कार्यक्रमको प्रभावकारिता शीर्षकमा राउत (२०६३), ले उदयपुर जिल्लालाई अध्ययन क्षेत्र बनाएर गरिएको अध्ययनमा समुदायमा पुरुषको तुलनामा महिलाहरू पछाडि रहेका महिलाहरूलाई सामाजिक विकासको मूलधारमा ल्याउनको लागि उनीहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक पक्षमा सुधार आवश्यक रहेको छ । समुदायका महिलाहरू त्यसमा पनि दलित महिलाहरूको स्थिति कमजोर रहेको छ । उनीहरूलाई लक्षित गरी विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गरिएको भए तापनि ती कार्यक्रमहरू प्रभावकारी बन्न नसकेको तर महिलाहरूलाई लक्षित गरी सञ्चालन गरिएको सामाजिक परिचालन कार्यक्रमले महिलाहरूको मनोबल बढाउने काम गरेको र सामाजिक परिचालन कार्यक्रम सञ्चालन भएपछि महिलाहरू बाहिरी समाजसँग घुलमिल हुन सकेको निष्कर्ष निकालेको पाइन्छ भने सामाजिक परिचालनसम्बन्धी कार्यक्रममा समुदायका आर्थिकरूपमा विपन्न महिलाहरूलाई बढीभन्दा बढी सहभागी बनाउन उनीहरूको आर्थिक सामाजिक एवं वैयक्तिक सशक्तीकरणमा जोडदिनु पर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

महिला सशक्तीकरणले उनीहरूको सामाजिक आर्थिक विकासमा पुर्‍याएको योगदान शीर्षकमा (जोशी २०६८), डोटी जिल्लालाई अध्ययन क्षेत्र बनाई गरिएको एक अध्ययनमा डोटी जिल्लाको दुर्गम राना गाउँमा बसोवास गर्ने अधिकांश महिलाहरूलाई सामाजिक विभेद, आर्थिकरूपमा विपन्न र आफ्ना समस्याहरू भन्न नसक्ने वा आफूहरूमाथि हुने गरेका विभिन्न प्रकारका विभेद एवं हिंसाका घटनाहरू समेत लुकाएर राख्ने गरेको अवस्था रहेकोमा महिला सशक्तीकरणको कार्यक्रम सञ्चालन भएपछि उनीहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक स्थितिमा परिवर्तनहरू देखा परेको पाइन्छ । महिला सशक्तीकरणको कार्यक्रम सञ्चालन भएपछि महिलाहरू सामाजिकरूपमा सचेत हुन थालेका, महिला

माथि हुन विभेद, हिंसाका घटनाहरू कम हुँदै गएका, समुदायमा महिलाहरूप्रति गरिने व्यवहार र महिलाहरूलाई हेरिने दृष्टिकोणमा परिवर्तन आएको, दलित जनजाति र अन्य ठूला जातिबीचको अन्तर घट्दै गएको, महिलाहरू पनि घरायसी काममा मात्र सीमित नभई समूह गठन गर्ने, विभिन्न आयमूलक तालिमहरू लिएर आर्थिकरूपमा पनि सक्रिय हुन थालेको निष्कर्ष निकालेको पाइन्छ । समुदायका रहेका सबै महिलाहरूलाई सामान्य साक्षरता बनाउने, चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र महिलाको सामाजिक, आर्थिक एवं वैयक्तिक सशक्तीकरणका थप कार्यक्रमहरू सञ्चालन गरेर समुदायमा परिवर्तन ल्याउन सकिने भएका हुँदा त्यसमा माथिल्लो निकायबाट थप पहल गर्नुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

## निष्कर्ष

विकास परिर्वतनसँग सम्बन्धित रहेको र विकासका लागि महिला सहभागिता अनिवार्य रहेको कुरालाई विभिन्न सिद्धान्तहरूले पनि जोड दिएको पाइन्छ । नेपालमा छैटौं पञ्चवर्षीय योजना २०३७-०४२ मा पहिलो पटक विकास कार्यमा महिलाहरूको सहभागिता प्रवर्द्धन गर्न नीति बनेको र वर्ष २०३९/४० बाटै महिला विकास अभियान कार्यक्रमहरू सुरु भई अहिले ७५ वटै जिल्लामा महिला विकास कार्यक्रम लागु भएको पाइन्छ । नेपालको कुल जनसङ्ख्यामा ५१.५३ प्रतिशतमा रहेका महिलाको सामाजिक, आर्थिक, शैक्षिक र चेतनाको स्तर कम रहेकाले पिछडिएका र विपन्न महिलहरूलाई चेतना जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, सामाजिक एवं राजनीतिक मूल प्रवाहीकरण गर्न महिला विकास कार्यक्रम सक्रिय रहेको पाइन्छ । त्यसैगरी नेपालको मुख्य कानुन संविधानमा नै विभिन्न हक अधिकारको व्यवस्था तथा आयोगहरूको गठन गरी दलित तथा जनजातिहरूलाई विकासको मूलधारमा ल्याउने प्रयास गरिएको, दलित तथा जनजाति महिलाहरूलाई घर बाहिर ल्याउने र उनीहरूको सामाजिक, आर्थिकस्तर माथि उठाउन थप हौसला प्रदान गरेको पाइन्छ । महिला बालबालिका तथा सामाजकल्याण मन्त्रालय र महिला तथा बालबालिका विभागले दलित जनजातिहरूलाई लक्षित गरी महिला विकासका विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ । त्यसै सन्दर्भमा महिलाको सामाजिक, आर्थिक तथा वैयक्तिक विकासका लागि सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूमा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययन यहाँ गरिएको छ ।

# अध्ययन विधि

अध्ययनलाई प्रभावकारी बनाउन तथा अध्ययनका उद्देश्यहरू प्राप्ति गर्नका लागि विभिन्न प्रकारका अध्ययन ढाँचा एवं अध्ययन विधिको प्रयोग गरिएको हुन्छ । यस अध्ययनमा प्रयोग गरिएको अध्ययन ढाँचा एवं अध्ययन विधिको जानकारी यस परिच्छेदमा गरिएको छ ।

## २.१ अध्ययन ढाँचा

यस अध्ययनमा सङ्ख्यात्मक तथा गुणात्मक प्रकृतिका सूचना र तथ्याङ्कहरूको प्रयोग गरिएको छ । सूचना र तथ्याङ्कहरूलाई व्याख्यात्मक एवं विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

## २.२ नमुना छनोट प्रक्रिया

यस अध्ययनमा रामेछाप, नवलपरासी तथा बझाङ जिल्लालाई केन्द्रित गरिएको छ । जिल्लाहरूको छनोट गर्दा तीनवटै भौगोलिक क्षेत्रको प्रतिनधित्व हुने गरी हिमाली प्रदेशबाट बझाङ, पहाडी प्रदेशबाट रामेछाप तथा तराईबाट प्रदेश बाट नवलपरासी जिल्लालाई छनोट गरिएको छ । जिल्लाको छनोट गर्दा सङ्घीय प्रदेशलाई समेत आधार मानी छनोट गरिएको छ । जसमा ३ नं प्रदेशको रामेछाप, ४ नं प्रदेशको नवलपरासी र ७ नं प्रदेशको बझाङ रहेका छन् । नमुना छनोट गरिएका जिल्लामा महिला विकास कार्यक्रम लागु भएका ४ वटा महिला समूह/समिति/संस्थाको छनोट गरिएको छ । सम्भावनायुक्त नमुना छनोट विधिका आधारमा महिला समूह/समिति/संस्थाको छनोट गरिएको छ । त्यसैगरी नमुना छनोटमा परेका जिल्लामा कार्यरत महिला विकास अधिकृत १ जना, ४ वटा महिला समूह/समिति/संस्थाका अध्यक्ष वा उपाध्यक्ष ४ जना, महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति महिलाहरू एउटा समूह/समिति/संस्था बाट ३ जनाका दरले १२ जना, महिला विकास कार्यक्रममा सहभागी अन्य महिलाहरू एउटा समूह/समिति/संस्था बाट ३ जनाका दरले १२ जना तथा समूह/समिति/संस्थाको वरिपरिरहेका तर महिला विकास कार्यक्रममा सहभागी नभएका दलित जनजाति महिलाहरू एउटा समूह/समिति/संस्थाको वरिपरिबाट ३ जनाका दरले १२ जनाको छनोट गरिएको छ । नमुना छनोटमा परेका सूचनादाताहरूसँग अन्तर्वार्ता लिने तथा लक्षित समूह छलफल गरिएको छ । यसै गरी समूह/समिति/संस्थाका वरिपरिरहेका एउटा समूह/समिति/संस्थाको वरिपरिका १० वटा घरधुरी सर्वेक्षण गरिएको छ ।

नमुना छनोट प्रक्रियासम्बन्धी विस्तृत विवरण तालिका १ मा प्रस्तुत गरिएको छः

**तालिका नं.१**

| क्र.सं | नमुना छनोट | जिल्लाको सङ्ख्या | नमुना छनोट गरिएका उत्तरदाताहरूको सङ्ख्या |
|---|---|---|---|
| १. | जिल्ला छनोट | ३ | रामेछाप, नवलपरासी र बझाङ |
| २. | महिला विकास अधिकृत | ३×१ | ३ |
| ३. | समूह/समिति/संस्थाका अध्यक्ष वा उपाध्यक्ष | ३×४ | १२ |
| ४. | महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति महिलाहरू | ३×१२ | ३६ जना |
| ५. | महिला विकास कार्यक्रममा सहभागी अन्य महिलाहरू | ३×१२ | ३६ जना |
| ६. | महिला विकास कार्यक्रममा सहभागी नभएका दलित जनजाति महिलाहरू | ३×१२ | ३६ जना |
| ७. | घरधुरी छनोट | ३×४० | १२० |

## २.३ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतहरूबाट तथ्याङ्कहरू सङ्कलन गरिएको छ । नमुना छनोट गरिएका जिल्लाहरूको स्थलगत भ्रमण गरी विभिन्न साधनहरू (अन्तर्वार्ता प्रश्नावली लक्षित समूह छलफल निर्देशिका तथा घरधुरी सर्वेक्षण) को प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसैगरी विभिन्न प्रकाशित पत्रपत्रिका, प्रतिवेदन, जर्नल, पुस्तकहरू, अप्रकाशित अध्ययनहरू तथा website बाट द्वितीयक तथ्याङ्कको सङ्कलन गरिएको छ ।

## २.४ तथ्याङ्क सङ्कलनका साधनहरू

महिला विकास कार्यक्रममा दलित जनजातिको सहभागिताको अध्ययन प्राथमिक तथ्याङ्कमा आधारित रहेको छ । प्राथमिक तथ्याङ्कको सङ्कलन गर्दा अन्तवार्ता प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका तथा घरधुरी सर्वेक्षण फाराम आदिको प्रयोग गरिएको छ ।

तथ्याङ्क सङ्कलनका साधन तथा जम्मा उत्तरदाताहरूको सङ्ख्यात्मक विवरण तालिका २ मा प्रस्तुत गरिएको छः—

**तालिका नं. २**

| क्र.स. | तथ्याङ्क सङ्कलनका साधनहरू | क- कसको लागि | जम्मा उत्तरदाता सङ्ख्या |
|---|---|---|---|
| १. | अन्तर्वार्ता | क) महिला विकास अधिकृत | ३×१ = ३ |
| | | ख) समूह/ समिति/ संस्थाका अध्यक्ष वा उपाध्यक्ष | ३×४ = १२ |
| | | ग) महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति महिला | ३×१२ =३६ |
| | | घ) महिला विकास कार्यक्रममा सहभागी अन्य महिला | ३×१२ = ३६ |
| | | ङ) महिला विकास कार्यक्रममा सहभागी नभएका दलित जनजाति | ३×१२ = ३६ |
| २. | लक्षित समूह छलफल | क) महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति महिला<br>ख) महिला विकास कार्यक्रममा सहभागी अन्य महिला<br>ग) महिला विकास कार्यक्रममा सहभागी नभएका दलित जनजाति | ३×३ = ९ |
| ३. | घरधुरी सर्वेक्षण | समूह/ समिति/ संस्था रहेका स्थानको वरिपरिका घरधुरी | ३×४० = १२० |

यस अध्ययनलाई प्रभावकारीरूपमा सम्पन्न गर्नको लागि माथि उल्लिखित उत्तरदाताहरूसँग अन्तर्वार्ता, समूह छलफल तथा घरधुरी सर्वेक्षण गरी आवश्यक तथ्याङ्कहरू सङ्कलन गरी विश्लेषण गरिएको छ ।

## २.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्राथमिक एवं द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएका तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्कहरूलाई व्याख्यात्मक एवं विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

# नतिजा विश्लेषण

महिला विकास कार्यक्रममा दलित जनजातिको सहभागिता सम्बन्धमा जिल्लागत अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई यस परिच्छेदमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ३.१ महिला विकाससँग सम्बन्धित समूह/समिति/संस्थाहरूको विवरण

जिल्लाहरूमा विभिन्न समूह/समिति/संस्थाहरूको गठन गरी महिलाहरूलाई यसमा आबद्ध गराउने, उनीहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणका लागि विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइन्छ । यस अध्ययनका क्रममा नमुना छनोट गरिएका जिल्लाहरूका रहेका महिला विकाससँग सम्बन्धित समूह/समिति/संस्थाहरूको विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका : ३ महिला विकाससँग सम्बन्धित समूह/समिति/संस्थाहरूको विवरण**

| क्र.स | जिल्ला | महिला समूह सङ्ख्या | महिला समिति सङ्ख्या | महिला संस्था सङ्ख्या | जम्मा |
|---|---|---|---|---|---|
| १ | बझाङ | २,७४९ | ४९९ | १५ | ३,२७३ |
| २ | रामेछाप | २,८२९ | ३३४ | २४ | ३,१८७ |
| ३ | नवलपरासी | ३,४२८ | २५१ | २० | ३,६९९ |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

तालिकाअनुसार बझाङ जिल्लामा २७४९ वटा महिला समूह, ४९९ वटा महिला समिति तथा १५ वटा महिला संस्थाहरू गरी कुल ३२७३ वटा महिला विकास कार्यक्रम लागु भएका समूह/समिति/संस्थाहरू रहेको पाइन्छ । त्यसैगरी रामेछाप जिल्लामा २८२९ वटा महिला समूह, ३३४ वटा महिला समिति तथा २४ वटा महिला संस्थाहरू गरी कुल ३१८७ वटा महिला विकाससँग सम्बन्धित समूह/समिति/संस्थाहरू रहेको पाइन्छ । नवलपरासी जिल्लाको सन्दर्भमा हेर्दा ३४२८ वटा महिला समूह, २५१ वटा महिला समिति तथा २० वटा महिला संस्थाहरू गरी कुल ३६९९ वटा महिला विकाससँग सम्बन्धित समूह/समिति/संस्थाहरू रहेको पाइन्छ ।

यसरी जिल्लागतरूपमा महिला विकाससँग सम्बन्धित समूह/समिति/संस्थाहरूको सङ्ख्या फरकफरक रहेको पाइन्छ । बझाङ र रामेछाप जिल्लाको तुलनामा नवलपरासी जिल्लामा महिला समूह/समिति/संस्थाहरूको सङ्ख्या केही धेरै रहेको पाइन्छ ।

## ३.२ महिला विकासका लागि सञ्चालित कार्यक्रमहरू

महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणका लागि जिल्लागत रूपमा सञ्चालित महिला विकास कार्यक्रम सम्बन्धी विवरण यसप्रकार रहेको छ ।

### ३.२.१ बझाङ जिल्लामा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमहरू

दलित तथा जनजाति महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणका लागि बझाङ्ग जिल्लामा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रम तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : बझाङ जिल्लामा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमहरू**

| सामाजिक विकाससम्बन्धी कार्यक्रमहरू | आर्थिक विकाससम्बन्धी कार्यक्रमहरू | वैयक्तिक विकाससम्बन्धी कार्यक्रमहरू |
|---|---|---|
| समूह गठन | कोष भर्ने | नेतृत्व विकास |
| प्रजनन स्वास्थ्य कार्यक्रम | बचत गर्ने | महिला कानुनी अधिकारसम्बन्धी कार्यक्रम |
| महिला हिंसाविरुद्धको सचेतना कार्यक्रम | सीपमूलक तालिम (सिलाइ कटाइ, बाख्रा पालन, तरकारी खेती) | लेखापाल संस्थागत विकास<br>जनचेतनामूलक कार्यक्रम |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

बझाङ जिल्लामा दलित जनजाति महिलाहरूको सामाजिक सशक्तीकरणका लागि समूह गठन, प्रजनन स्वास्थ्य कार्यक्रम तथा महिला हिंसाविरुद्धको सचेतना कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ भने आर्थिक सशक्तीकरणका लागि कोष भर्ने, बचत गर्ने, सीपमूलक तालिम (सिलाइ कटाइ, बाख्रा पालन, तरकारी खेती) हरू सञ्चालन भएको पाइन्छ । त्यसैगरी वैयक्तिक सशक्तीकरणका लागि नेतृत्व विकास, महिला कानुनी अधिकारसम्बन्धी कार्यक्रम, लेखापाल, संस्थागत विकास, जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ ।

### ३.२.२ रामेछाप जिल्लामा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमहरू

दलित तथा जनजाति महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणका लागि रामेछाप जिल्लामा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रम तालिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : रामेछाप जिल्लामा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमहरू**

| सामाजिक विकाससम्बन्धी कार्यक्रमहरू | आर्थिक विकाससम्बन्धी कार्यक्रमहरू | वैयक्तिक विकाससम्बन्धी कार्यक्रमहरू |
|---|---|---|
| लैङ्गिक विभेदसम्बन्धी कार्यक्रम | सिलाइबुनाइसम्बन्धी तालिम | समूह/संस्था दर्तासम्बन्धी कार्यक्रम |

| | | |
|---|---|---|
| महिला हिंसाविरुद्धको सचेतना कार्यक्रम | हस्तकला सम्बन्धी तालिम | महिला कानुनी अधिकारसम्बन्धी तालिम |
| प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रम | व्यवसायी तरकारी खेतीसम्बन्धी तालिम | किशोरी नेतृत्व विकास तालिम |
| हिंसामा परेका महिलाको उद्धारसम्बन्धी कार्यक्रम | बाख्रापालन, कुखुरापालन | अनुशिक्षण तालिम |
| एकल महिला सचेतना कार्यक्रम | विकेट बनाउने तालिम | सामाजिक परिचालिकासम्बन्धी तालिम |
| बालविवाहसम्बन्धी जनचेतनामूलक कार्यक्रम | किशोरी बचत तालिम | क्षमता अभिवृद्धि तालिम |
| अपाङ्गता परिचयपत्र वितरण | बिउ उत्पादन तालिम | |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

रामेछाप जिल्लामा दलित जनजाति महिलाहरूको सामाजिक सशक्तीकरणका लागि लैङ्गिक विभेदसम्बन्धी कार्यक्रम, महिला हिंसाविरुद्धको सचेतना कार्यक्रम, प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रम, हिंसामा परेका महिलाको उद्धारसम्बन्धी कार्यक्रम, एकल महिला सचेतना कार्यक्रम, बालविवाहसम्बन्धी जनचेतनामूलक कार्यक्रम, अपाङ्गता परिचयपत्र वितरण जस्ता कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ। आर्थिक सशक्तीकरणका लागि मुख्यरूपमा सिलाइबुनाइसम्बन्धी तालिम, हस्तकलासम्बन्धी तालिम, व्यवसायी तरकारी खेतीसम्बन्धी तालिम, बाख्रापालन, कुखुरापालन, किशोरी बचत तालिम, बिउ उत्पादन तालिमसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ । त्यसैगरी दलित तथा जनजाति महिलाहरूको वैयक्तिक सशक्तीकरणका लागि समूह/संस्था दर्ता म्बन्धी कार्यक्रम, महिला कानुनी अधिकारसम्बन्धी तालिम, किशोरी नेतृत्व विकास तालिम, सामाजिक परिचालिकासम्बन्धी तालिम, क्षमता अभिवृद्धि तालिम जस्ता कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ ।

### ३.२.३ नवलपरासी जिल्लामा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमहरू

नवलपरासी जिल्लामा दलित तथा जनजाति महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणका लागि सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रम तालिका ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : नवलपरासी जिल्लामा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमहरू**

| सामाजिक विकाससम्बन्धी कार्यक्रमहरू | आर्थिक विकाससम्बन्धी कार्यक्रमहरू | वैयक्तिक विकाससम्बन्धी कार्यक्रमहरू |
|---|---|---|
| लैङ्गिक विभेदसम्बन्धी कार्यक्रम | सिलाइबुनाइसम्बन्धी तालिम | समूह/संस्था दर्तासम्बन्धी कार्यक्रम |
| महिला हिंसाविरुद्धको सचेतना कार्यक्रम | हस्तकलासम्बन्धी तालिम | महिला कानुनी अधिकारसम्बन्धी तालिम |
| प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रम | | किशोरी नेतृत्व विकास तालिम |

| | | |
|---|---|---|
| हिंसामा परेका महिलाको उद्धारसम्बन्धी कार्यक्रम | बाख्रापालन, कुखुरा पालन | अनुशिक्षण तालिम |
| एकल महिला सचेतना कार्यक्रम | | सामाजिक परिचालिकासम्बन्धी तालिम |
| बालविवाहसम्बन्धी जनचेतनामूलक कार्यक्रम | केरा खेती तथा अदुवा खेतीसम्बन्धी तालिम | क्षमता अभिवृद्धि तालिम |
| अपाङ्गता परिचयपत्र वितरण | सहकारी व्यवस्थापन तालिम | पोषणसम्बन्धी तालिम |
| संरक्षण प्रणालसम्बन्धी कार्यक्रम | कृषि तथा पशुपालनसम्बन्धी तालिम | सामुदायिक मेलमिलापसम्बन्धी तालिम |
| महिला पुरुष समविकास कार्यक्रम | | उद्‌घोषक तालिम |
| सासु बुहारी अन्तरक्रिया कार्यक्रम | | निगरानी समूहलाई समुदायमा आधारित संरक्षण तालिम |
| महिला हत्या हिंसाविरुद्धको कार्यक्रम | | |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

नवलपरासी जिल्लामा दलित जनजाति महिलाहरूको सामाजिक सशक्तीकरणका लागि लैङ्गिक विभेदसम्बन्धी कार्यक्रम, महिला हिंसाविरुद्धको सचेतना कार्यक्रम, प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रम, हिंसामा परेका महिलाको उद्धारसम्बन्धी कार्यक्रम, एकल महिला सचेतना कार्यक्रम, बालविवाहसम्बन्धी जनचेतनामूलक कार्यक्रम, अपाङ्गता परिचयपत्र वितरण, संरक्षण प्रणालीसम्बन्धी कार्यक्रम, सासुबुहारी अन्तरक्रिया कार्यक्रम तथा महिला हत्या हिंसाविरुद्धको कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ ।

त्यसैगरी आर्थिक सशक्तीकरणका लागि सिलाइबुनाइसम्बन्धी तालिम, हस्तकलासम्बन्धी तालिम, केरा खेती तथा अदुवा खेतीसम्बन्धी तालिम, गुडीया बनाउने तालिम, सहकारी व्यवस्थापन तालिम, कृषि तथा पशुपालनसम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । महिलाहरूको वैयक्तिक सशक्तीकरणका लागि समूह/संस्था दर्तासम्बन्धी कार्यक्रम, महिला कानुनी अधिकारसम्बन्धी तालिम, किशोरी नेतृत्व विकास तालिम, अनुशिक्षण तालिम, सामाजिक परिचालिकासम्बन्धी तालिम, क्षमता अभिवृद्धि तालिम, सामुदायिक मेलमिलापसम्बन्धी तालिम, निगरानी समूहलाई समुदायमा आधारित संरक्षण तालिम, उद्‌घोषक तालिम आदि सञ्चालन गरेको पाइन्छ ।

यसरी दलित तथा जनजाति महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणका लागि रामेछाप र नवलपरासी जिल्लाको तुलनामा बझाङ जिल्लामा थोरै मात्र कार्यक्रमहरू सञ्चालन हुने गरेको पाइन्छ ।

## ३.३ महिला विकास कार्यक्रममा सहभागिताको स्थिति

सरकारले समुदाय रहेका महिलाहरूलाई लक्षित गरी उनीहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणको लागि विभिन्न प्रकारका कार्यक्रमहरू, तालिमहरू सञ्चालन गरेको पाइन्छ । तर

ती कार्यक्रमहरूमा, तालिमहरूमा समुदायका सबै महिलाहरूको समान सहभागिता हुन सकिरहेको पाइँदैन। महिलाहरूको लागि लक्षित गरी सञ्चालन गरिएको महिला विकास कार्यक्रममा सहभागिता यसप्रकार रहेको पाइन्छ ।

### ३.३.१ महिला विकास कार्यक्रममा दलित जनजाति महिलाको सहभागिताको स्थिति

नेपालको विभिन्न भौगोलिक प्रदेशमा विभिन्न दलित तथा जनजाति समुदायको बसोवास रहेको छ । ति समुदायको आर्थिक तथा शैक्षिक स्थिति समेत अन्य समुदायका मानिसहरूको तुलनामा न्यून रहेको पाइन्छ । दलित तथा जनजाति समुदाय महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक स्थिति समेत निकै कमजोर रहेको पाइन्छ । तीनै दलित जनजाति महिलाहरूलाई लक्षित गरी सामाजिक, आर्थिक तथा वैयक्तिकरूपमा सशक्त बनाउने उद्देश्यले महिला विकाससम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ । तर ती कार्यक्रमहरू लक्षित वर्गसम्म पुग्न सकेको पाइँदैन । समुदायका सैब दलित तथा जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागी हुन सकेको देखिँदैन । यस अध्ययनका लागि छनोट गरिएका जिल्लाहरू (बझाङ, रामेछाप र नवलपरासी) मा महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति महिलाहरूको विवरण तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका : ७ महिला विकास कार्यक्रममा दलित जनजाति महिलाको सहभागिताको स्थिति**

| क.स | जिल्ला | जम्मा दलित जनजातिको सङ्ख्या | सहभागी भएका दलित जनजाति | | सहभागी नभएका दलित जनजाति | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | बझाङ | १७,७०९ | ८,२५१ | ४६.५९ | ९,४५८ | ५३.४१ |
| २ | रामेछाप | ७१,९३९ | १७,४५२ | २४.२६ | ५४,४८७ | ७५.७४ |
| ३ | नवलपरासी | १,२८,८७८ | २९,०२६ | २२.५३ | ९९,८५० | ७७.४७ |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

तालिकाअनुसार बझाङ जिल्लामा रहेको कुल दलित जनजाति महिलाहरूको सङ्ख्यामध्ये ४६.५९ प्रतिशत दलित जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइन्छ भने ५३.४१ प्रतिशत दलित जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागी नभएका पाइन्छ । त्यसैगरी रामेछाप जिल्लाका २४.२६ प्रतिशत दलित जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएका पाइन्छ भने ७५.७४ प्रतिशत दलित जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागी नभएको पाइन्छ । नवलपरासी जिल्लामा २२.५३ प्रतिशत दलित जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएका र ७७.४७ प्रतिशत दलित जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागी नभएको पाइन्छ ।

यसरी जिल्लागत रूपमा हेर्दा रामेछाप र नवलपरासी जिल्लाका अधिकांश दलित जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागी हुन सकेको पाइँदैन तर बझाङ जिल्लामा भने दलित जनजाति महिलाहरू सहभागिता केही राम्रो रहेको पाइन्छ ।

### ३.३.२ महिला विकास कार्यक्रममा अन्य महिलाहरू सहभागिताको स्थिति

महिलाहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक विकासका लागि सञ्चालन भएका विभिन्न प्रकारका महिला विकाससम्बन्धी कार्यक्रमहरूमा अन्य समुदायका महिलाहरूको सहभागिता दलित तथा जनजाति महिलाहरूको तुलना धेरै रहेको पाइन्छ । भने संस्था/समूह/समितिको प्रमुख पदमा अन्य समुदायका महिलाहरू नै रहेको पाइन्छ । महिला विकास कार्यक्रममा सहभागी भएका अन्य समुदायका महिलाहरूको विवरण तालिका ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका : ८ महिला विकास कार्यक्रममा अन्य महिलाको सहभागिताको स्थिति**

| क्र.सं. | जिल्ला | अन्य महिलाको सङ्ख्या | सहभागी भएका अन्य महिला | | सहभागी नभएका अन्य महिला | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | बझाङ | ८४,६५६ | २९,५१२ | ३४.८७ | ५५,१४४ | ६५.१३ |
| २ | रामेछाप | ३७,३२१ | १४,३६८ | ३८.४९ | २२,९५३ | ६१.५१ |
| ३ | नवलपरासी | २,१०,९५५ | ६४,२७८ | ३०.४७ | १,४६,६७७ | ६९.५३ |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

तालिकाअनुसार बझाङ जिल्लामा रहेको अन्य समुदायका कुल महिलाहरूमध्ये ३४.८७ प्रतिशत महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइन्छ भने ६५.१३ प्रतिशत अन्य समुदायका महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइँदैन । त्यसैगरी रामेछाप जिल्लाका ३८.४९ प्रतिशत अन्य महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइन्छ भने ६१.५१ प्रतिशत अन्य महिलाहरू महिला विकास कार्यक्रममा सहभागी नभएको पाइन्छ । नवलपरासी जिल्लामा ३०.४७ प्रतिशत महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएका र ६९.५३ प्रतिशत अन्य समुदायका महिलाहरू महिला विकास कार्यक्रममा सहभागी नभएको पाइन्छ ।

यसरी जिल्लागतरूपमा हेर्दा नवलपरासी जिल्लाका अन्य समुदायका धेरै महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइँदैन । रामेछाप जिल्लामा भने महिलाहरूको सहभागिता केही राम्रो रहेको पाइन्छ ।

### ३.३.३ महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति र अन्य समुदायका महिलाहरूको तुलना

महिलाहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक विकासका लागि जिल्लाहरूमा विभिन्न प्रकारका कार्यक्रमहरूको सञ्चालन भएको पाइन्छ । महिला समूह/समिति/संस्थाको गठन भएको पाइन्छ। समुदायका सबै वर्गका महिलाहरूलाई त्यसमा समावेश गर्ने प्रयास गरिएको पाइए तापनि यसमा सहभागी हुन सकिरहेको पाइँदैन । सहभागी भएकाहरूमध्ये पनि दलित जनजाति अन्य समुदायमा महिलाहरूको अवस्था समान रहेको पाइँदैन । महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति र अन्य समुदायका महिलाहरूबीचको तुलनात्मक विवरण तालिका ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका : ९ महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति र अन्य समुदायका महिलाहरूको तुलना**

| क्र.स | जिल्ला | महिला विकास कार्यक्रममा सहभागी जम्मा महिला | दलित जनजाति महिला | | अन्य महिला | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | बझाङ | ३७,७६३ | ८,२५१ | २१.८४ | २९,५१२ | ७८.१६ |
| २ | रामेछाप | ३१,८२० | १७,४५२ | ५४.८५ | १४,३६८ | ४५.१५ |
| ३ | नवलपरासी | ९३,३०४ | २९,०२६ | ३१.१२ | ६४,२७८ | ६८.८८ |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

तालिकाअनुसार बझाङ जिल्लामा महिला विकास कार्यक्रममा सहभागी भएका महिलाहरूमध्ये २१.८४ प्रतिशत दलित जनजाति महिलाहरू रहेको पाइन्छ । त्यस्तै अन्य महिलाहरूको सहभागिता भने ७८.१६ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी रामेछाप जिल्लामा ५४.८५ प्रतिशत दलित जनजाति र ४५.१५ प्रतिशत अन्य समुदायका महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइन्छ। नवलपरासी जिल्लाका ३१.१२ प्रतिशत दलित जनजाति र ६८.८८ प्रतिशत अन्य समुदायका महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइन्छ ।

यसरी रामेछाप जिल्लामा महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिता प्रतिशत अन्य समुदायका महिलाको भन्दा बढी रहेको पाइन्छ तर बझाङ र नवलपरासी जिल्लामा भने दलित जनजाति महिलाहरूको भन्दा अन्य समुदायका महिलाहरूको सहभागिता प्रतिशत धेरै रहेको पाइन्छ ।

### ३.३.४ महिला विकास कार्यक्रममा सहभागी भएका र नभएका दलित जनजाति महिलाहरूबीचको फरक

महिलाहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक विकास गरी उनीहरूलाई विकासको मूल धारमा ल्याउने उद्देश्यका साथ महिलाहरूलाई लक्षित गरी विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ । महिलाहरूको लागि सञ्चालन गरिएका ती कार्यक्रमहरूमा भएका र सहभागी नभएका दलित जनजाति महिलाहरूका बीचमा केही फरक पाइएको छ । यी फरकहरूलाई तालिका १० मा प्रस्तुत गरिएको छ ।

**तालिका १० : महिला विकास कार्यक्रममा सहभागी भएका र नभएका दलित जनजाति महिलाहरूबीचको फरक**

| महिला विकास कार्यक्रममा सहभागी भएका | महिला विकास कार्यक्रममा सहभागी नभएका |
|---|---|
| तालिम लिएका, सीप सिकेका कारण आयआर्जनको क्षेत्रमा सक्रिय हुन थालेका । आयआर्जन गरी स्वनिर्भर हुन थालेका । | खेतीपाती, ज्यालामजदुरी र घरभित्रका अन्य कामहरूमा मात्र सीमित रहेका । |
| घरपरिवारको आर्थिक अवस्थामा सुधार आएको । | आर्थिक रूपमा पुरुषमा नै निर्भर हुनु परेको । |
| आफ्ना कुराहरू समूहमा राख्न सक्ने भएका, महिला हक अधिकारको बारेमा थोरै भएपनि जानकारी पाएका । | घरेलु हिंसा, महिला हिंसालगायतका अन्य घटनाहरू सहेर बस्ने गरेका । आफ्ना समस्याहरू भन्न डर मान्ने लाज मान्ने । |

| | |
|---|---|
| स्थानीय नेतृत्वमा पुग्न सकेका । | समुदायको /स्थानीय तहको नेतृत्व तहमा पुग्न नसकेका । |
| समुदायले हर्ने दृष्टिकोणमा परिर्वतन आएको । | |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

यसरी महिला विकास कार्यक्रममा सहभागी भएकाहरूले तालिममा विभिन्न प्रकारका सीपहरू सिकेका, ती सीपहरूको प्रयोग गरी आयआर्जन गर्न थालेका, घरपरिवारको आर्थिक अवस्थामा बिस्तारै सुधार आउँदै गएको, आफ्ना समस्याहरूको बारेमा समूहमा छलफल गर्ने सक्ने भएका र केही महिलाहरू नेतृत्व तहमा समेत पुगेका पाइन्छ भने सहभागी नभएकाहरू खेतीपाती, ज्यालामजदुरी र घरभित्रका अन्य कामहरूमा मात्र सीमित रहेका, समस्याहरू भन्न डर मनेर, लाज मानेर लुकाएर बसेका तथा आर्थिकरूपमा पनि पुरुषमा नै निर्भर हुनु परेको पाइन्छ । यसरी महिला विकास कार्यक्रमले महिलाहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक विकासका क्षेत्रमा थोरै भए पनि सकरात्मक परिर्वतन ल्याएको पाइन्छ ।

### ३.३.५ महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति तथा अन्य महिला र सहभागी नभएका दलित जनजाति महिलाहरू शैक्षिक स्थिति

सामाजिक विकासका विभिन्न सूचकहरूमध्ये शैक्षिक अवस्था पनि एउटा महत्त्वपूर्ण सूचक हो । शिक्षा सामाजिक परिर्वतन र रूपान्तरणको महत्त्वपूर्ण संवाहक पनि हो । जब मानिस शिक्षित बन्दछ तब समतामूलक र सहभागितामूलक समाजको निर्माण हुन्छ । विकास कार्य सहजरूपमा अगाडि बढ्न सक्दछ । महिलाहरूको शैक्षिक अवस्थाले समाजमा झन् महत्त्वपूर्ण अर्थ राख्ने गर्दछ । घर व्यवहार चलाउनेदेखि विभिन्न प्रकारका सामाजिक कार्यमा उनीहरूको सहभागिता बढ्छ । महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति तथा अन्य महिला र सहभागी नभएका दलित जनजाति महिलाहरू शैक्षिक स्थितिलाई तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति तथा अन्य महिला र सहभागी नभएका दलित जनजाति महिलाहरू शैक्षिक स्थिति**

| क्र.स | शैक्षिक योग्यता | सहभागी दलित जनजाति महिला | | सहभागी अन्य महिला | | सहभागी नभएका दलित जनजाति महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | निरक्षर /लेखपढ गर्न नसक्ने | १७ | ४७.२४ | ७ | १९.५५ | २१ | ५८.३३ |
| २ | सामान्य लेखपढ गर्न सक्ने | १२ | ३३.३३ | १५ | ४१.६६ | १२ | ३३.३३ |
| ३ | कक्षा १० सम्म पढेका | ५ | १३.८८ | ९ | २५.०० | ३ | ८.३४ |
| ४ | एस.एल. सी.. वा सो भन्दा माथि | २ | ५.५५ | ५ | १३.८८ | - | - |
| जम्मा | | ३६ | १००.०० | ३६ | १००.०० | ३६ | १००.०० |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

तालिकाअनुसार महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति महिला ४७.२४ प्रतिशत, सहभागी अन्य महिला १९.५५ प्रतिशत, सहभागी नभएका दलित जनजाति महिला ५८.३३ प्रतिशत निरक्षर वा लेखपढ गर्न नसक्ने रहेको पाइन्छ । त्यसैगरी सामान्य लेखपढ गर्न सक्नेमा सहभागी दलित जनजाति महिला ३३.३३ प्रतिशत, अन्य महिलाहरू ४१.६६ प्रतिशत र सहभागी नभएका दलित तथा जनजाति महिलाहरू ३३.३३ प्रतिशत रहेको पाइन्छ । माध्यमिक तह वा कक्षा १० सम्म पढेका महिलाहरू को स्थितिलाई हेर्दा महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति महिलाहरूमध्ये १३.८८ प्रतिशत, अन्य महिला २५.०० प्रतिशत र सहभागी नभएकाहरू ८.३४ प्रतिशतले कक्षा १० सम्मको शिक्षा हासिल गरेको पाइन्छ । एस.एल. सी. वा सोभन्दा माथिको शैक्षिक योग्यता भएका महिलाहरूको सङ्ख्या भने ज्यादै न्यून रहेको पाइन्छ । महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति महिलाहरूमध्ये ५.५५ प्रतिशत र अन्य महिलाहरूमध्ये १३.८८ प्रतिशत महिलाले एस.एल.सी. भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको पाइन्छ ।

यसरी अन्य महिलाको तुलनामा दलित जनजाति महिलाहरूको शैक्षिक अवस्था कमजोर रहेको पाइन्छ। जसले गर्दा दलित जनजाति महिलाहरूको सहभागिता पनि अन्य महिलाहरूको तुलनामा न्यून रहेको पाइन्छ ।

### ३.३.६ महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति तथा अन्य महिला र सहभागी नभएका दलित जनजाति महिलाहरूको उमेरगत स्थिति

महिला विकास कार्यक्रममा विभिन्न उमेर समूहका महिलाहरूको सहभागिता रहेको पाइन्छ । कार्यक्रममा सहभागी दलित जनजाति तथा अन्य महिला र सहभागी नभएका दलित जनजाति महिलाहरूलाई उमेर अनुसार ३०-४० वर्ष ४०-५० वर्ष ५०-६० वर्ष र ६०-भन्दा माथिका उमेर समूहमा विभाजन गरी सङ्ख्यात्मक विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका १२ : महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति तथा अन्य महिला र सहभागी नभएका दलित जनजाति महिलाहरूको उमेरगत स्थिति**

| क्र.स | उमेर समूह | सहभागी दलित जनजाति महिला | | सहभागी अन्य महिला | | सहभागी नभएका दलित जनजाति महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ३०-४० वर्ष | ७ | १९.४४ | २ | ५.५५ | ६ | १६.६६ |
| २ | ४०-५० वर्ष | ११ | ३०.५५ | १३ | ३६.११ | १७ | ४७.२२ |
| ३ | ५०-६० वर्ष | १५ | ४१.६६ | २० | ५५.५५ | १२ | ३३.३३ |
| ४ | ६० -भन्दा माथि | ३ | ८.३३ | १ | २.७९ | २ | ५.५५ |
| जम्मा | | ३६ | १००.०० | ३६ | १००.०० | ३६ | १००.०० |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

तालिकाअनुसार महिला विकास कार्यक्रममा सहभागी ३०-४० वर्ष उमेर समूहका दलित जनजाति महिलाहरू १९.४४ प्रतिशत, अन्य महिलाहरू ५.५५ प्रतिशत तथा सहभागी नभएका दलित जनजाति महिलाहरू १६.६६ प्रतिशत रहेका छन् । त्यस्तै ४० देखि ५० वर्ष उमेर समूहका दलित जनजाति महिलाहरू ३०.५५ प्रतिशत, अन्य महिलाहरू ३६.११ प्रतिशत तथा सहभागी नभएका दलित जनजाति महिलाहरू ४७.२२ प्रतिशत रहेका छन् भने ५०-६० वर्ष उमेर सुमहका दलित जनजाति महिलाहरू ४१.६६ प्रतिशत, अन्य महिलाहरू ५५.५५ प्रतिशत तथा सहभागी नभएका दलित जनजाति महिलाहरू ३३.३३ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ६० वर्ष र सो भन्दा बढी उमेर समूहका दलित जनजाति महिलाहरू ८.३३ प्रतिशत, अन्य महिलाहरू २.७९ प्रतिशत तथा सहभागी नभएका दलित जनजाति महिलाहरू ५.५५ प्रतिशत रहेको पाइन्छ ।

यसरी उमेर समूहअनुसार हेर्दा महिला विकास कार्यक्रममा सहभागी दलित जनजाति तथा अन्य महिलाहरूमध्ये ५०-६० वर्ष उमेर समूहका महिलाहरूको सहभागिता बढी रहेको पाइन्छ भने सहभागी नभएका दलित जनजाति महिलाहरूमध्ये ४० देखि ५० वर्ष उमेर समूहका महिलाहरूको सङ्ख्या धेरै रहेको पाइन्छ ।

### ३.३.७ संस्था/समूह/समितिको प्रमुख पदमा दलित जनजाति महिलाको प्रतिनिधित्वको स्थिति

संस्था/समूह/समितिको गठन गर्दा समावेशी बनाउने प्रयास गरेको पाइए तापनि संस्था/ समूह/ समितिको प्रमुख पदमा दलित जनजाति महिलाहरूको सहभागिता हुन सकेको पाइँदैन ।

अध्ययनका क्रममा नमुना छनोटमा परेका तीनवटा जिल्लाका १२ वटा महिला विकाससँग सम्बन्धित संस्था/समूह/समिति वा सहकारीको प्रमुख पदमा दलित तथा जनजाति महिला प्रमुख पदमा रहेको पाइँदैन । स्थलगत अध्ययनको क्रममा लिइएको अन्तर्वार्ता तथा सामूहिक छलफलमा सहभागीहरूले पनि संस्था/समूह/समिति वा सहकारीको प्रमुख पदमा दलित जनजाति महिलाहरू नरहेको बताए । यसरी संस्था/समूह/समिति वा सहकारीको प्रमुख पदमा दलित जनजाति महिलाहरू पुग्न नसक्नुको कारण बारे अध्ययनमा सहभागी एक जनजाति महिलाको भनाइ यसप्रकार रहेको छः-

> संस्था/समूह/समितिको प्रमुख पदमा जाने इच्छा गर्‍यो भने पहिलो कुरा त अन्य समुदायका महिलाहरूले दलित जनजाति महिलाहरूलाई सकेसम्म संस्थाको प्रमुख/उपप्रमुख पदमा पुग्न नै दिदैनन् । उनीहरूलाई प्रत्साहन प्रदान गर्दैनन् । धेरै दलित जनजाति महिलाहरूको आर्थिक एवं शैक्षिक अवस्था कमजोर छ त्यसैले संस्था चलाउन सक्दैनन् भन्ने मानसिकता उनीहरूमा रहिरहेको छ । दोस्रो कुरा धेरै दलित जनजाति महिलाहरू अगाडि सरेर काम गर्न अझै पनि लाज मान्ने, धक मान्ने गर्दछन् । तसर्थ दलित जनजाति महिलाहरू समूहको नेतृत्व तहमा पुग्न सकेका छैनन् केवल संस्थाको सदस्य मात्र रहेका छन् ।

यसरी संस्था/समूह/समिति वा सहकारीका मुख्य पदहरूमा दलित जनजाति महिलाहरूको प्रतिनिधित्व हुन सकेको पाइँदैन ।

### ३.३.८ महिला विकास कार्यक्रममा सहभागिता नहुनाका कारणहरू

महिलाहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक विकासका लागि राज्यले ठूलै लगानी गर्नुका साथै विभिन्न प्रकारका महिला विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । तर पनि समुदायका सबै महिलाहरू महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइँदैन । महिला विकास कार्यक्रममा सहभागी नहुनुको सम्बन्धमा स्थलगत अध्ययनका क्रममा महिला विकास कार्यक्रममा सहभागी नभएका दलित जनजाति महिलाहरूसँग गरिएको अन्तर्वार्ताबाट प्राप्त भएका प्रतिक्रियाहरूलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : महिला विकास कार्यक्रममा सहभागिता नहुनाका कारणहरू**

| क्र.सं | सहभागिता नहुनाका कारणहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला विकास कार्यक्रमको बारेमा जानकारी नपाएर | ३० | ८३.३३ |
| २. | महिलाहरू अशिक्षित हुनु | २५ | ६९.४४ |
| ३. | आर्थिक रूपमा विपन्न भएकाले | १९ | ५२.७८ |
| ४. | जनचेतनाको अभाव | १३ | ३६.११ |
| ५. | समयको अभाव भएकाले | १७ | ४७.२२ |
| ६. | बचतको महत्त्व नबुझेर | ९ | २५.०० |
| ७. | पायक पर्ने स्थानमा महिला विकास कार्यक्रम नभएर | ५ | १३.८९ |

*स्रोतः स्थलगत अध्ययन, २०७४ ।*

अध्ययनमा समावेश गरिएका महिला विकास कार्यक्रममा सहभागी नभएका जम्मा ३६ जना दलित जनजाति महिलाहरूमध्ये ८३.३३ प्रतिशतले महिला विकास कार्यक्रमको बारेमा जानकारी नपाएर, ६९.४४ प्रतिशत महिलाहरूले आफूहरू अशिक्षित भएर, ५२.७८ प्रतिशत आर्थिकरूपमा विपन्न भएको, ३६.११ प्रतिशत जनचेतनाको अभाव, ४७.२२ प्रतिशतले समयको अभाव भएकाले, २५.०० प्रतिशत बचतको महत्त्व नबुझेर र १३.८९ प्रतिशत पायक पर्ने स्थानमा महिला विकास कार्यक्रम नभएर आफूहरू सहभागी हुन नसकेको बताए ।

त्यसै गरी महिला विकास कार्यक्रममा सहभागी नभएका दलित जनजाति महिलाहरूसँग गरिएको लक्षित समूह छलफलको क्रममा पनि अधिकांश सहभागिहरू माथिको भनाइसँग सहमत भएको पाइन्छ । छलफलमा सहभागी बझाङ जिल्लाकी एक दलित महिला सदस्यको भनाइलाई यहाँ उल्लेख गरिएको छ-

> हाम्रो बस्तीमा रहेका प्रायः सबै महिलाहरू अशिक्षित छन् । त्यसकारण उनीहरूले महिला विकास कार्यक्रमको बारेमा जानकारी पाएका छैनन्  र त्यतापट्टि खासै चासो देखाउने गरेका पनि

> छैनन् । अधिकांश दलितहरू आर्थिकरूपमा विपन्न भएका कारण दैनिक ज्यालामजदुरीको कमाइबाट दैनिक घरव्यवहार चलाउनु पर्ने हुन्छ तसर्थ धेरै समय ज्यालामजदुरी र खेतीपाती गर्दैमा बित्छ । फेरी बचत गर्ने संस्था हाम्रो बस्तीको नजिक छैन । धेरै टाढा रहेकाले त्यता जाने समय पनि हामीसँग हुँदैन । त्यसकारण आफूहरू समूहमा जाने गरेका छैनौं ।

यसरी महिला शिक्षा वा चेतनाको अभाव, आर्थिकरूपमा विपन्नता र सबैको पहुँचमा हुने गरी महिला विकास कार्यक्रमहरू सञ्चालन नभएका कारणले गर्दा पनि दलित तथा जनजाति महिलाहरू महिला विकास कार्यक्रममा सहभागिता हुन नसकेको पाइन्छ ।

### ३.३.९ महिला विकास कार्यक्रममा सहभागिता गराउन गरिएका प्रयासहरू

सरकारी तबरबाट महिला विकाससम्बन्धी कार्यक्रमहरू ७५ वटै जिल्लामा सञ्चालन भएको पाइन्छ। त्यसको अलवा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले पनि महिलाहरूलाई लक्षित गरी विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दैआएको पाइन्छ । महिलाहरूको सामाजिक, आर्थिक एवं वैयक्तिक विकासका नाममा सरकारले हरेक वर्ष ठूलै लगानी गर्दैआएको भए तापनि अपेक्षित प्रतिफल पाउन सकिरहेको छैन । प्रथमतः सबै वर्गसम्म पुग्ने गरी महिला विकास कार्यक्रम सञ्चालन हुन सकेको पाइँदैन भने कार्यक्रम पुगेको ठाँउमा पनि समुदायका सबै महिलाहरू महिला विकास कार्यक्रममा सहभागी भएको पाइँदैन । यसरी महिला विकास कार्यक्रममा सहभागिता नहुनुका पछाडि विभिन्न कारणहरू हुन सक्दछन् । समुदायमा रहेका सबै वर्गका महिलाहरूलाई महिला विकास कार्यक्रममा सहभागी गराउन गरिएको प्रयासको सन्दर्भमा महिला विकास अधिकृतसँग गरिएको अन्तर्वार्ता एवं दतिल जनजाति महिलाहरूसँग गरिएको लक्षित समूह छलफलबाट प्राप्त भनाइलाई यहाँ प्रस्तुत गरिएको छ । सबै महिलाहरूलाई महिला विकास कार्यक्रममा सहभागी गराउन गरिएका प्रयासहरूको सन्दर्भमा नवलपरासी जिल्लाकी महिला विकास अधिकृतको भनाइ यसप्रकार रहेको छः-

> नवलपरासी जिल्ला महाभारत, चुरे हुँदै दक्षिणमा भारतसँग सिमाना जोडिएको जिल्ला हो । यहाँ पहाडी र मधेशी मूलका थुप्रै जातजातिको बसोवास रहेको छ । विभिन्न समुदायका मानिसहरूको बसोवास रहेको हुदाँ सबै समुदायका महिलाहरूसम्म महिला विकास कार्यक्रम पुग्न सकेको छैन । कार्यक्रम पुगेको ठाँउमा पनि सबै महिलाहरू कार्यक्रममा सहभागी हुन सकेका छैनन् । यस्ता महिला विकास कार्यक्रममा सहभागी हुन नसकेका महिलाहरूलाई लक्षित गरी घरदैलो कार्यक्रम, जनचेतनामूलक कार्यक्रम, मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम, समितिहरूको परिचालन, अन्तरक्रिया, सेमिनार, गोष्ठी सञ्चालन गरिँदै आएको छ । दलित तथा जनजाति महिलाहरूको लागि भनेर छुट्टै कार्यक्रमको व्यवस्था छैन तर समूह वा समितिको गठन गर्दा दलित तथा जनजाति महिलाहरूको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरिएको छ ।

छलफलका क्रममा महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति महिलाहरूले संस्था/समूह/समितिमा आबद्ध नभएका दलित जनजाति महिलाहरूलाई संस्था/समूह/समितिमा आबद्ध गराउन महिला भेला तथा चेतनामूलक कार्यक्रमहरू गरिँदै आएको बताए । तर पनि सबै दलित जनजाति

महिलाहरू संस्था/समूह/समितिमा आबद्ध गराउन नसकिएको भनाइ उनीहरूको थियो ।

यसरी समुदायमा रहेका दलित तथा जनजाति महिलाहरूलाई संस्था/समूह/समितिमा आबद्ध गराउने सन्दर्भमा विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरिएको भए तापनि सबैको सहभागिता हुन सकेको पाइँदैन ।

### ३.३.१० समुदायमा दलित जनजाति महिला प्रतिको दृष्टिकोण

सबै मानव एकै हुन् भनिए तापनि नेपाली समाजमा त्यो कुरा अझै लागु हुन सकेको पाइँदैन । बहुजातीय नेपाली समाजमा जातीय विभेद अझै पनि कायम रहेको पाइन्छ । विगतको तुलनामा नेपाली समाजमा केही परिर्वतन आए तापनि पूर्णरूपमा विभेद मुक्त नेपाली समाजको निर्माण हुन सकेको पाइँदैन । नेपाली समाजमा अझै पनि जातीय विभेदले जरो गाडेर बसेको छ । समुदायमा दलित जनजाति महिलाहरू प्रति गरिने व्यवहारमा सामान्य परिर्वतन आएको भए तापनि अदृश्यरूपमा जातीय विभेद कायमै रहेको पाइन्छ । केही कुरामा समानता पाउन सकिए तापनि विभेदमुक्त समाजको निर्माण हुन सकेको छैन। समुदायमा दलित जनजाति महिलाप्रति गरिने व्यवहार एवं उनीहरूप्रतिको दृष्टिकोणको सम्बन्धमा अध्ययनमा समावेश बझाङ जिल्लाकी दलित महिला सहभागीको भनाइ यस प्रकार रहेको छ ।

> काम गर्दा ज्यालामा समानता भए तापनि अन्य कुरामा विभेद रहेको छ । ठूला जातिका मानिसहरूको घरमा पस्न दिँदैनन्, पानीको धारा छुन दिँदैनन्, भोजभतेरमा छुट्टै बसेर खानु पर्छ र अझैपनि छोइयो भनेर छिटा हाल्ने गर्दछन् ।

यसरी समुदायमा दलित जनजाति महिलाहरूप्रति गरिने व्यवहारमा खासै परिर्वतन नआएको कुरा अध्ययनमा सहभागी अन्य दलित जनजाति महिलाहरूको थियो । जबसम्म पितृसत्तात्मक सामाजिक व्यवस्था एवं परम्परागत सोचमा परिर्वतन आउन सक्दैन र स्वयम् महिलाहरूमा "सबै महिलाहरू एकै हुन्" भन्ने भावनाको विकास हुन सक्दैन तबसम्म दलित तथा जनजाति महिलाहरूप्रतिको दृष्टिकोणमा परिर्वतन आउन नसक्ने भनाइ अध्ययनमा सहभागी दलित जनजाति महिलाहरूको रहेको पाइन्छ । तर अन्य समुदायका महिलाहरूले भने दलित जनजाति महिलाहरूको भनाइप्रति असहमत प्रकट गरेको पाइन्छ । अध्ययनमा सहभागी रामेछाप जिल्लाकै अन्य समुदायिक एक महिला सहभागीको भनाइ यसप्रकार रहेको छः-

> विगतमा दलित जनजाति महिलाहरूप्रति केही विभेद भए तापनि समूहमा आबद्ध भइसकेपछि विभेद कम हुँदैगएको छ । एउटै समूहमा बसेर काम गर्ने भएकाले उनीहरूलाई पनि समूहमा आबद्ध हुन प्रोत्साहन गरिँदै आएको छ ।

यसरी नेपाली समाजमा महिला महिलाहरूको बीचमा पनि कहीँ न कहीं जातीय विभेद रहेको पाइन्छ।

## ३.४ महिला विकास कार्यक्रमको प्रभावकारीता

समुदायमा रहेका महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ । महिला विकास कार्यक्रममा सहभागी भएका महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक क्षेत्रमा परेको प्रभावको विश्लेषण यहाँ गरिएको छ ।

### ३.४.१ सामाजिक सशक्तीकरणको क्षेत्रमा प्रभाव

महिला विकास कार्यक्रम सहभागी भएका दलित जनजाति महिलाको सामाजिक सशक्तीकरणको क्षेत्रमा धेरै न परिर्वतन आएको पाइन्छ । समाजमा महिलाहरूमाथि हुने घरेलु हिंसाका घटनाहरू न्यून हुँदैगएको पाइन्छ । महिलाहरू पनि आफ्ना समस्याहरू समूहमा छलफल गर्ने सक्ने भएका छन् भने विभिन्न प्रकारका कानुनी प्रावधानहरूको बारेमा जानकार हुन थालेको पाइन्छ । जसको कारण आफ्ना हक अधिकार खोजी गर्ने, महिला हिंसा, विभेदका विरुद्ध कानुनी उपचार खोज्न सक्ने भएका छन् । त्यसै गरी पुरुषहरूले पनि घरयासी काममा महिलाहरूलाई सहयोग गर्ने, बैठकहरूमा जान प्रेरित गर्ने गरेको पाइन्छ ।

### ३.४.२ आर्थिक सशक्तीकरणको क्षेत्रमा प्रभाव

महिला विकास कार्यक्रममा सहभागी भएका दतिल जनजाति महिलाहरूको आर्थिक उपार्जनको क्षेत्रमा पनि केही परिर्वतन आएको पाइन्छ । महिला विकास कार्यक्रममा सहभागी भई सिकेका विभिन्न सीपहरूको  प्रयोग गरी आयआर्जन गर्ने गरेको पाइन्छ । महिलाहरू आयआजर्नको क्षेत्रमा सक्रिय हुन थालेपछि घरपरिवार आर्थिक अवस्थामा सुधारमा आउन थालेको, घरपरिवार तथा समुदायले गर्ने व्यवहार एवं हर्ने दृष्टिकोणमा परिर्वतन आएको र महिलाहरू बिस्तारै आर्थिक आत्मनिर्भरतर्फ उन्मुख भएको पाइन्छ ।

### ३.४.३ वैयक्तिक सशक्तीकरणको क्षेत्रमा प्रभाव

महिला विकास कार्यक्रममा सहभागी भएका दतिल जनजाति महिलाहरूको वैयक्तिक विकासको क्षेत्रमा पनि केही सकरात्मक परिर्वतनहरू आएको पाइन्छ । महिला विकास कार्यक्रममा सहभागी भइसकेपछि दलित जनजाति महिलाहरूले आफ्ना समस्याहरू, आफूहरूमाथि हुने गरेका घरेलु हिंसा लगायत अन्य हिंसाका घटनाहरूको बारेमा समूहमा भन्न सक्ने भएको पाइन्छ ।  तर पनि पितृसत्तात्मक सामाजिक व्यवस्था तथा परम्परागत सोचमा परिर्वतन आउन नसकेका कारण महिलाहरूलाई लक्षित गरी जतिसुकै कार्यक्रमहरू सञ्चालन गरे तापनि  पुरुषको तुलनामा पछाडि नै परेको पाइन्छ । त्यसमा पनि दलित तथा जनजाति महिलाहरू झनै पछाडि परेको पाइन्छ । महिला महिलाबीचमा समेत विभेद रहेको पाइन्छ । अथात् सबै महिला एकै हौं भन्ने भावना समुदायमा विकास हुन सकेको पाइँदैन त्यसले गर्दा पनि अन्य महिलाको तुलनामा दलित जनजाति महिलाको वैयक्तिक स्थिति कमजोर रहेको पाइन्छ ।

# निष्कर्ष, प्राप्ति तथा सुझावहरू

महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागितासम्बन्धी स्थलगत अध्ययनका आधारमा प्राप्त भएका मुख्य प्राप्ति, निष्कर्ष तथा सुझावहरूलाई यस अध्यायमा उल्लेख गरिएको छ ।

## ४.१ मुख्य प्राप्ति

महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययनका मुख्य प्राप्तिहरू यसप्रकार रहेका छन्ः-

- महिला विकास कार्यक्रम सञ्चालन गर्न गठन भएका महिला समूह/समिति/संस्थाहरूको सङ्ख्या तथा महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक शसक्तीकरणका लागि गरिने कार्यक्रमहरूको प्रकार जिल्ला अनुसार फरकफरक रहेको पाइयो ।
- जिल्लामा रहेको दलित जनजाति महिलाहरूको कुल जनसङ्ख्यामध्ये बझाङ जिल्लामा ४६.५९ प्रतिशत रामेछाप जिल्लामा २४.२६ प्रतिशत र नवलपरासी जिल्लामा २२.५३ प्रतिशत दलित जनजाति महिलाहरू मात्र महिला विकास कार्यक्रममा सहभागी भएको पाइयो ।
- त्यसैगरी महिला विकास कार्यक्रममा सहभागी भएका महिलाहरूमध्ये बझाङ जिल्लामा २१.८४ प्रतिशत दलित जनजाति महिला र ७८.१६ प्रतिशत अन्य समुदायका महिला रहेको पाइयो । त्यस्तै रामेछाप जिल्लामा दलित जनजाति महिला ५४.८५ प्रतिशत र अन्य महिला ४५.१५ प्रतिशत तथा नवलपरासी जिल्लामा ३२.१२ प्रतिशत दलित जनजाति महिला र ६७.८८ प्रतिशत रहेको पाइयो ।
- दलित जनजाति महिलाहरूको तुलनामा समुदायमा रहेका अन्य समुदायका महिलाहरूको सहभागिता धेरै रहेको पाइयो ।
- महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति महिलाहरूमध्ये निरक्षर वा लेखपढ गर्न नसक्ने ४७.२४ प्रतिशत, सामान्य लेखपढ गर्न सक्ने ३३.३३ प्रतिशत, कक्षा १० सम्म पढेका १३.८८ प्रतिशत र एस.एल.सी. वा सो भन्दा माथिको शैक्षिक योगयता भएका ५.५५ प्रतिशत रहेको पाइयो । यसरी महिला विकास कार्यक्रममा सहभागी भएका अधिकांश दलित जनजाति महिलाहरू निरक्षर रहेको पाइयो ।
- महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति महिलाहरूमध्ये १९.४४ प्रतिशत

३०-४० वर्ष उमेर समूहका, ३०.५५ प्रतिशत ४०-५० वर्ष उमेर समूहका, ४१.६६ प्रतिशत ५०-६० वर्ष उमेर समूहका र ८.३३ प्रतिशत ६० भन्दा माथिका उमेर समूहका रहेका पाइयो ।

- महिला समूह/समिति/संस्थाको गठन गर्दा केही समावेशी बनाउने प्रयास भए तापनि दलित तथा जनजाति महिलाहरूको उल्लेखनीय सहभागिता हुन सकेको पाइएन ।
- समूह/समिति/संस्थाको प्रमुख पदमा दलित जनजाति महिलाहरू पुग्न सकेको पाइएन ।
- महिला विकास कार्यक्रम सबै समुदायको पहुँचमा पुग्न नसकेको र पुगेको ठाँउमा पनि समूहमा आबद्ध गराउने सन्दभमा माथिल्लो निकायबाट खासै प्रयास भएको पाइँदैन ।
- अशिक्षा, समुदायमा अझै पनि व्याप्त रहेको परम्परागत सोच एवं संस्कारका कारण कतिपय दलित जनजाति महिलाहरू चाहेर पनि समूह/समिति/संस्थामा आबद्ध हुन नसकेको पाइयो ।
- महिला विकास कार्यक्रममा सहभागी भएका दलित जनजाति महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक सशक्तीकरणको क्षेत्रमा थोरै भए पनि परिर्वतन आएको पाइयो ।

यसरी समाजमा रहेका सबै महिलाहरू त्यसमा पनि दलित तथा जनजाति महिलाहरूको लागि लक्षित गरेर विभिन्न प्रकारका महिला विकास कार्यक्रमहरू सञ्चालन गरिएको भए तापनि अन्य महिलाहरूको तुलनामा दलित जनजाति महिलाहरूको सहभागिता तथा उनीहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक स्थिति अन्य समुदायका महिलाहरूको तुलनामा कमजोर रहेको पाइयो ।

## ४.२ निष्कर्ष

महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययनपश्चात् अध्ययनका निष्कर्षहरूलाई यहाँ उल्लेख गरिएको:-

- महिला विकास कार्यक्रम सञ्चालन गर्नको लागि जिल्लाहरूमा महिला समूह, महिला समिति तथा महिला संस्थाहरूको गठन भएको हुँदा यी महिला समूह, महिला समिति तथा महिला संस्थाहरूले महिलाहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक शसक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू गरिरहेका छन् ।
